# सहि ऋतुमा आत्मिक भोजन

मात्र विश्वास, मात्र विश्वास,
सबैकुरा सम्भव छ, मात्र...

कसरी, अब यो प्रकारमा छ:

अब म विश्वास गर्छु, अब म विश्वास गर्छु,
सबै कुरा सम्भव छ, अब म विश्वास गर्छु;
अब म विश्वास गर्छु, अब म विश्वास गर्छु,
सबै कुरा सम्भव छ, अब म विश्वास गर्छु।

हाम्रो शिर झुकाई हामी खडा नै रहिरहौं।

प्रभु यो मात्रै गीतमा सिमित नरहोस्, तर हाम्रो हृदयको गहिराईको गान होस्, "अब म विश्वास गर्छु!" चेलाहरुले एकपटक भनेका थिए, येशूले धेरै शक्तिशाली कामहरु गरिसक्नु भएपछि, तिनीहरुले भनेका थिए, "प्रभु, अब हामी विश्वास गर्छौं।"

येशूले भन्नुभयो, "के तिमी अब विश्वास गर्छौ?"

2 तिनीहरुले भनेका थिए, "हामी विश्वास गर्छौं कि तपाई सबै कुरा जान्नुहुन्छ र कुनै मानिसले तपाईलाई सिकाउन सक्दैन।" त्यसैले, पिता, हामी जान्दछौं कि तपाईलाई हाम्रो शिक्षा चाहिदैन, तर हामीलाई तपाईको शिक्षा चाहिन्छ। त्यसैले हामी प्रार्थना गर्दछौं कि हामी प्रार्थना गर्न र कसरी विश्वास गर्ने त्यो सिकाउनुहोस्। यो आजरातीको सेवाद्वारा हामीलाई प्रदान गर्नुहोस्, प्रभु। यदि हामीमा केहि कमि छन् भने हामीलाई दिनुहोस्, प्रभु। हामी येशू नाउमा माग्दछौं। आमेन।

3 म जान्दछु तपाईहरु धेरैजना आज फेरी उभीरहनुभएको छ। र, बाहिर, त्यहाँ केहि समूह छन् जसले भन्दै हुनुहुन्थ्यो कि उहाहरु भित्र आउन सकेका छैनन् र तिनीहरु बाहिरै आफ्ना आफ्ना कारहरुमा रेडियो द्वारा सुनिरहेका छन्। र अब हामी जत्ति सक्दो छिट्टो गर्नेछौं आजको आईतबारको रातमा, हामी बिमारीहरुको निम्ति प्रार्थनाको लागि दिन्छौं, प्रार्थनाको लाम राख्ने छौं र प्रार्थना गर्नेछौं। तर हामीले आजको रातको सभा बिमारीहरुको निम्ति प्रार्थनाको निम्ति समर्पण गरेका छौं।

4 र म यो चाहन्छु कि तपाईहरु परमेश्वरको पवित्र बचनको निम्ति आफुलाई विश्वासमा तयार राख्नुभएको म चाहन्छु, यो घडिको लागि विश्वास तयार पार्नुहोस्। त्यो विश्वास! यसले अरु कुनै युगको भन्दा बलियो विश्वास लिन्छ, किनकि यो र्याप्चरको विश्वास हुनुपर्छ, माथि उठाई लगिने विश्वास। र त्यसैले हामी चाहन्छौ कि तपाईले देख्नुभएको, सुन्नुभएको तपाईमा भएको सबै कुराले तपाई आज राती विश्वास गर्नुहोस्, त्यो वचनले विश्वास गर्नुहोस् जुन तपाईलाई पहिले नै प्रचार गरिसकिएको छ, ती चिन्ह र अचम्मका कामहरुले विश्वास गर्नुहोस् जुन तपाईले देख्नुभएको छ। हामी चाहन्छौ कि तपाईहरुले ती सबैलाई संगै आफ्नो हृदयमा एकट्ठा गर्नुहोस्, र ध्यान दिनुहोस्, कि त्यो कतै परमेश्वर हो वा होइन भनि।

5 त्यो पुरानो समयको एलिशा जस्तै हो, जसले भनेका थिए, "यदि परमेश्वर परमेश्वर हुनुहुन्छ भने, उहालाई सेवा गर।" र यदि येशूनै इसाईको निम्ति सबै कुराहरुको केन्द्र हुनुहुन्छ भने, त्यसो हो भने मलाई लाग्छ कि हामीले अरु सबै थोकलाई खुल्ला छोडेर उहामा नै राखिदिनुपर्छ। याद गर्नुहोस्, उहानै केन्द्र हुनुहुन्छ, उहा नै उत्तरको तारा हुनुहुन्छ, उहा नै अन्तिम सिमा हुनुहुन्छ, उहा नै पूर्ण र सत्य हुनुहुन्छ। र यदि उहा उत्तरको तारा हुनुहुन्छ भने...त्यहाँ एउटा मात्र कुरा छ त्यसले उत्तरको तारालाई मात्र संकेत गरिरहन्छ, त्यो तपाईको दिशा निरूपण यन्त्र हो जसद्वारा तपाई जलयात्रा गर्दै हुनुहुन्छ। र त्यो दिशा निरूपण यन्त्र जसद्वारा म तपाईलाई जल यात्रा गराउन कोशिष गर्छु त्यो यन्त्र वचन हो, र वचनले सधै येशू तिर नै देखाउछ।

6 र हामीले अनुभव गरेका छौ कि हामी ठूलो विपद र दुःखको समयमा भएर गईरहेका छौ, समयको जटिलता र राष्ट्र राष्ट्र बीचको विपद, र सबै थरीका कुराहरु भईरहेको छ, र कहिले काहि म कहिँ फसेको छु जस्तो सोच्छु...जताततै म हेर्छु, यो यस्तो छ कि...समुन्द्रमा एक्लै एउटा डुंगा रहेको छ। र जस्तो कि एउटा डुंगाको अधिकार मलाई दिईएको छ। र कसरी हामी यसबाट तार्न सक्छौ? र यहाँ नेर एउटा ठूलो छालको आपद आउदैछ, जुन मेरो डुंगा भन्दा सयौ गुणा विशाल छ। तर हामीले तिनीहरुलाई चोटीसम्म लान्छौ, प्रत्येक हामी, "हामी उहामा विजयभन्दा पनि बढि छौ।" त्यो कप्तान, त्यो मूख्य कप्तान, उहाको डुंगाको पछाडिको डोरीमा उहाको पकड रहेको छ, उहाले त्यसबाट भएर तान्नुहुनेछ। हामीले प्रत्येकलाई तटसम्म लानेछौ।

7 अब, आज राती, त्यसैले हामी छिट्टो गर्नेछौ र तपाईहरुलाई छिट्टै यहाँबाट निस्किने समय दिनेछौ...तपाईहरु धेरै टाढाबाट गाडि चलाएर र त्यस्तै गरी आउनुभएको छ हामी त्यसको कदर गर्छौं, र तपाईले टाढासम्म गाडि चलाएर आउनुपरेको छ र तपाईहरुले धेरै कुरा बलिदान गर्नुभएको छ। र, हेर्नुहोस्, यसले मलाई त्यो ठाउमा राखेको छ जहाँ म केवल खडा भईरहन चाहन्छु र केवल बोलिरहन चाहन्छु र सबैथोक गर्न चाहन्छु जसले तपाईलाई सहायता हुन्छ। तर जब म यहा छु, सहायता गर्नको लागि म सम्भव भएसम्मको हर प्रयास गर्नेछु, यो क्षणको लागि गर्नेछु जुन क्षणमा अहिले हामी छौ। त्यसपछि तपाईले लिनुहोस्...यदि तपाईले एकैसमय मानिसहरुलाई धेरै कुरा दिनुभयो भने तिनीहरुले त्यो याद गर्न सक्दैनन्। तपाईले बस एउटा चिज लिनुपर्छ र त्यसलाई सहि तरिकामा त्यसबेलासम्म सिकाउनुपर्छ जबसम्म त्यो व्यक्तिले त्यो कुरालाई सहि रुपमा देख्दैन। र त्यसपछि जब तिनीहरुको हृदयमा त्यो निश्चित रुपमा साचो ठहरिन्छ, तब तिनीहरुलाई...त्यसपछि तपाईले तिनीहरुलाई अरु कुरा सिकाउनुहोस्। बस हामी जादै गर्दा एउटा एउटा सिक्दै जानेछौ।

8 अब, तपाई प्रार्थना गर्नुहोस् र आनन्दित हुनुहोस्, र अब आजराती चंगाईको निम्ति विश्वास गर्नुहोस्। मलाई लाग्दैन कि हामी जिईरहेको समयको विषयमा तपाईलाई कुनै प्रश्न छ भन्ने। म यो विश्वास गर्दिन कि परमेश्वर आफ्ना मानिसहरुको माझमा हुनुहुन्छ वा हुनुहुन्न भन्ने एउटा पनि प्रश्न तपाईमा छ भनि। म यो विश्वास गर्छु कि तपाईहरु सबैले यो कुराहरु विश्वास गर्नुहुन्छ। र म...मेरो मनमा कुनै पनि सङ्का छैन यो विषयमा। र म—म—मेरा मानिसहरुलाई, मेरा मित्रहरु, ख्रीष्टका मित्रहरु, ख्रीष्टका छोराछोरीहरुलाई म जान्दछु, म यो विश्वास गर्छु।

9 र यो देख्दा यसले मलाई महान् उमंग दिन्छ जब कि तपाईलाई थाहा छ कि तपाईसंग परमेश्वरबाट सुसंदेश छ, र तपाईले त्यो संदेश मानिसहरुलाई दिनुहुन्छ र मानिसहरुको त्यसमा प्रतिक्रिया हेर्नुहुन्छ। तब तपाई पछाडि फर्केर हेर्नुहुन्छ र भन्नुहुन्छ, "तपाईलाई धन्यवाद, पिता।" ओ, त्यो देख्दा कति ठूलो आनन्द हुनेछ जब परमेश्वरका छोराछोरीले तिनीहरुको निम्ति पठाईएका रोटि तिनीहरुले खादछन्! तपाईले थाहा पाउनुहुन्छ कि त्यो नै केहि वर्ष अगाडिको दर्शन थियो, जुन ठिक यहि मण्डलीमा भएको थियो? त्यो सहि हो, "त्यो जीवनको रोटि हो।" भाई नेभिल तपाई सम्झनसक्नुहुन्छ, यो शक्तिशाली समय हो।

10 अब आउनुहोस् हामी पल्टाऔ, यदि तपाई धर्मशास्त्र पढाईलाई पछ्याउन चाहनुहुन्छ वा टिपोट गर्न चाहनुहुन्छ भने, केवल...यदि त्यो कुनै चंगाईको सेवा वा अरु किसीमको सेवा हो र परमेश्वरको वचन नपढ़ीकन अरु कुनै कुराको केहि व्याख्या गरेर सेवा गर्नु उचित हुन्छ भन्ने कुरा म विश्वास गर्दिन। हामी सबैले यो बुझ्छौ। मलाई लाग्छ कि, त्यहाँ कोहि अन्जान व्यक्ति हुनुहुन्न हाम्रो बीचमा। तर हामी सबैजना बुझ्छौ चंगाईको सेवा के हो भनि। यो त्यस्तो केहि होइन जुन कसैले तपाईको लागि गर्छ; यो त त्यो हो जुन परमेश्वरले तपाईको निम्ति गरिसक्नु भएको छ। मुक्ति त्यहि नै तरिकामा छ। मात्र कुरा यो हो कि त्यहि नै सत्य हो भनि मानिसलाई विश्वास गराउन सक्नु ठूलो कुरा हो। र परमेश्वरले त्यो उहाको वचनमा त्यहाँ सिकाउनुहुन्छ र त्यसपछि त्यो वचनलाई तिनीहरुमा प्रमाणित गर्नुहुन्छ जसले त्यसमा विश्वास गरेका हुन्छन्, किनकि उहाले भन्नुभएको छ, "परमेश्वरमा कुनै कुरा पनि असम्भव छैन।"

11 तपाईले भन्नुहुन्छ, "त्यहाँ कुनै पनि कुरा परमेश्वरमा असम्भव छैन।" के तपाई त्यो विश्वास चाहि गर्नुहुन्छ? त्यहाँ कुनै पनि कुरा तपाईसंग पनि असम्भव छैन। "किनकि तिनीहरुमा सबै कुरा सम्भव छ," (परमेश्वर व्यक्तिमा हुनुहुनेछ) "जसले उहामा विश्वास गर्छन्।" बुझ्नुभयो? त्यसैले त्यहाँ केहि पनि असम्भव छैन तपाईको लागि, यदि तपाईले मात्र विश्वास गर्नुभयो भने।

12 अब पहिलो राजामा, १७ औ अध्याय, प्रभुको इछ्या भए म पहिलो सात ओटा पदहरु पढ्न चाहन्छु,

> *एलिया तिश्बी गिलाद शहरको अगमवक्ता थिए। एलियाले राजा आहाबलाई भने, "म इस्राएलका परमप्रभु परमेश्वरको सेवा गर्छु। साँचै नै परमप्रभु जीवित रहनु भए जस्तैं, म प्रतिज्ञा गर्छु आउँदो केही वर्ष न ता पानी पर्छ न शीत नै पर्छ। जब म आदेश दिन्छु तब मात्र पानी पर्नेछ।"*

> *तब परमप्रभुले एलियालाई भन्नुभयो, "यो ठाउँ छोड अनि पूर्वतिर लाग। केरीतको सांघुरो घाटी छेउ लूक। यो घाटी यर्दन नदीको पूर्वमा छ। तिमी त्यस नदीको पानी पिउन सक्छौ। मैले कागहरूलाई त्यस ठाउँमा तिम्रो लागि खाद्य ल्याउने आदेश दिएको छु।"*

ध्यान दिनुहोस्, "त्यस ठाउमा खुवाउने छु," अरु कुनै ठाउमा होइन। "त्यहाँ"

*यसकारण एलियाले त्यसै गरे जस्तो परमप्रभुले उनलाई गर्नु भन्नुभएको थियो। उनी यर्दन नदीको पूर्व तिर करीत खोलामा बस्न गए।*

*त्यहाँ कागहरूले एलियाका निम्ति प्रत्येक साँझ र विहान मासु र रोटी ल्याए। एलियाले त्यस नदीबाट पानी पिउथ्ये।*

*केहि समय पछी देशमा पानी नपरेकोले गर्दा धेरै समय पछि नाला सुख्खा भयो।*

13 उहाको वचन पढाईमा प्रभुले आशिष थपीदिनुभएको होस्। र अब, आज राति, म त्यहाँबाट एउटा पाठ लिन चाहन्छु जसको शिर्षक, "सहि समयमा आत्मिक भोजन" रहेको छ। आजको बिहानीमा हामीसंग एउटा पाठ थियो, "परमेश्वरको सेवा गर्नु, वा उहाको सेवा गर्ने कोशिष गर्नु...उहाको समय नभईकन, ऋतु नभईकन, स्थान नभईकन, वा व्यक्ति नभईकन।" र अब यो चाहि: *सहि समयमा आत्मिक भोजन रहेको छ।*

14 यो अगमवक्ता, एलिया, हामीले उहाको बारेमा अत्यन्त थोरै कुरा जानेका छौ। तर हामी जान्दछौ उहा परमेश्वरको दास हुनुहुन्थ्यो, र त्यस समयको परमेश्वरको दास हुनुहुन्थ्यो।

15 र परमेश्वरले आफ्नो आत्मा प्रयोग गर्नुभएको थियो जुन एलियामा थियो, परमेश्वरले त्यो एलियाको आत्मा तिन पटक पहिले नै प्रयोग गर्नुभईसक्यो र अझै दुइ पटक प्रयोग गर्नुहुन्छ भनि प्रतिज्ञा गर्नुभएको छ; पाँच पटक प्रयोग गर्नुहुन्छ, अनुग्रहको निम्ति प्रयोग गर्नुहुन्छ। उहाले त्यो आत्मा एलियामा प्रयोग गर्नुभयो; र त्यहि आत्मा एलिसामा दुइ गुणा बढि भागमा आयो; र बप्तिष्मा दिने यूहन्नामा आयो; र अन्यजाति दुलहिको निम्ति पनि आउनुपर्ने छ; र मोसासंग आउनेछ यहूदिलाई घरलान को निम्ति। त्यो सहि हो। एलियाको आत्मा पाँच पटक प्रयोग गर्ने प्रतिज्ञा परमेश्वरले गर्नुभएको छ, र तिन पटक प्रयोग गरिसक्नुभएको छ।

16 अब, यो महान् अगमवक्ता, हामी जाँदैनौ उहा कहाँबाट आउनुभयो। हामी जान्दछौ कि उहा तिश्बी हुनुहुन्थ्यो। तर उहा कसरी आउनुभयो...

17 हामीले अगमवक्ताहरुको बारेमा थोरै कुराहरु जान्दछौ। हामी विरलै मात्र जान्दछौ तिनीहरु कहाँबाट आए भनि। मलाई थाहा छैन कि तिनीहरु

मण्डलीबाट बाहिर आए वा तिनीहरुको पछाडि कुनै वंशावली थियो भनि। तिनीहरु केवल साधारण मानिसहर थिए जो निडर थिए, र, धेरै जसो तिनीहरु अशिक्षित थिए। र तिनीहरुले कहिल्यै पनि आफैले केहि लेखहरु लेखेनन्, यशैया र यर्मिया केहि जोडिले केहि लेखहरु लेखेका छन्, तर यो महान् व्यक्ति एलियाले कुनै पनि लेख लेखेका छैनन्। तिनीहरु मध्ये धेरै जसोले लेखेका छैनन्; हुनसक्छ तिनीहरुले लेख्न सक्दैन थिए होला। तर तिनीहरु यस्ता मानिसहरु थिए जो निडर व्यक्तिहरु थिए। त्यहाँ बाईबलमा कोहि मानिस यी प्राचिन अगमवक्ताहरु जस्ता छैनन्। तिनीहरुले राज्यहरु, राजाहरु, मानिसहरु, मण्डलीहरु र अन्य सबै कुराहरुलाई पराजित गरेर परमेश्वरको वचनमा स्थिर खडा भएका थिए, र परमेश्वरले तिनीहरुलाई सहि भएको प्रमाणित गर्नुभयो। तिनीहरु एकदम निडर एक्लो व्यक्तिहरु थिए।

18 र यो एलिया अरुहरु भन्दा केहि बढिनै रुखो व्यक्ति थिए। उहा उजाडस्थानको व्यक्ति थियो। उ उजाडस्थानबाट आएको थियो; उ उजाडस्थानहरुमा बसेका थिए। बाईबलले भन्छ कि उसले रौ भएको वस्त्र लगाउथियो। उसको शरीरमा भेडाको छाला बेरिएको हुन्थ्यो, र एउटा हिस्सा उँटको छालाको हुन्थ्यो जुन उसको तिग्रातिर लगाएको हुन्थ्यो, अति नै...उसको मुखभरि जुँगा दार्ही थियो, र म कल्पना गर्न सक्छु कि उसलाई हेर्दामा उ एकदमै रुखो देखिने व्यक्ति थियो।

19 तर हामीले...तर तिनीहरु सबै मरेनन्। तिनीहरु सबै—सबै नै मरेका छैनन्। ती नाईसिन सभाको दिनहरुमा, तपाईहरु धेरै जना मानिसहरु जसले *मण्डलीको त्यो शूरूवाती कालको नाईसिन सभाको* बारेमा पढ्नुभएको छ, जब तिनीहरुले त्यसबाट संगठित संस्थाहरु खोल्न चाहे र अन्य मण्डलीहरु फुटाए, र संगठनमा आए, जब तिनीहरुले त्यो नाईसिन सभा अपनाए, रुखो मानिसहरु जो एलिसा जस्ता थिए तिनीहरु उजाडस्थानहरु बाट आए, जडिबुटी मात्रै खान्थे; तिनीहरु महान् भद्दा व्यक्तिहरु थिए। तर ती उच्च पदस्त व्यक्तिहरु, ठूला बडाहरु, जो कन्स्टेन्टाईनको अधिनमा थिए, र ती सबै मानिसहरुले, तिनीहरुका अवाजलाई थिचीदिए। किनभने तिनीहरु जो अगमवक्ताहरु भएर तिनीहरुलाई यो थाहा थियो कि त्यो दुलहिको मण्डलीको गहुँको दाना जमिनमा खसालिनुपर्नेछ। र त्यहाँनिर त्यो गँहुको दाना एक हजार वर्षसम्म रह्यो।

20 त्यसैले त तिनीहरुले आजका पुस्तकहरुमा लेख्छन्, “कहाँ हुनुहुन्छ त्यो मौन परमेश्वर जो आफ्नो छोराछोरीको हत्या गरेको, स्त्रीहरुलाई सिंहले टुक्रा टुक्रा पारेर खाएको उभेर हेर्नुसक्नुहुन्छ, र स्वर्गमा बसेर यो बारेमा केहि नभनी बस्न सक्नुहुन्छ?” तिनीहरुले वचन जानेका छैनन्। त्यो गहुँको दाना पृथ्वीमा खसालिनु पर्छ। कसरी त्यो धर्मी परमेश्वरले आफ्नो पुत्रलाई मारिरहेको र मुखमा थुकेर अत्याचार गरेको हेरीरहन सक्नुहुन्छ? तर त्यो वचन अनुसार नै हो, त्यो हुन नै पर्ने थियो। र त्यहि नै तरिकामा आजको दिनमा पनि हो।

21 यो व्यक्ति, उहा महान व्यक्ति हुनुहुन्थ्यो। उहा आउनुभन्दा अगाडि त्यहाँ पापी पुस्ताहरु रहेका थिए। अहाब त्यहाँको राजा थियो, र उसको पिता उभन्दा अगाडि पनि अत्यन्त दुष्ट थियो। सोलोमनको समय देखि नै त्यहाँ एक पछि अर्को दुष्ट राजाहरु आए। र यो मान्छे, अहाब, जसले बाईस वर्षसम्म सामरियामा राज गरे, उ नै सबै भन्दा दुष्ट राजा थियो। उ नै वास्तविक आधुनिकवाद थियो। उसले निश्चय नै धर्ममा विश्वास गर्थ्यो। र उसको सबै कुराहरु आधुनिक पारामा थियो। उसंग उसको चारसय ओटा अगमवक्ताहरु थियो, तिनीहरु सबै राम्रो संग शिक्षित र प्रशिक्षण गरिएको थियो। र परमेश्वरले उसलाई एउटा अगमवक्ता पठाउनुभएको थियो र उसले त्यो अगमवक्तालाई स्वीकार गरेन जो एलिया थियो।

22 तर एलिया तिश्बी उजाडस्थानको एउटा मानिस थियो। एउटा लचिलो व्यक्ति थिएन; उ भद्धा व्यक्ति थियो। र एक दिन, अहाबले यति धेरै पाप गर्यो कि परमेश्वरले त्यसभन्दा बढि सहन सक्नु भएन, उहाले एलिया संग उजाडस्थानमा बोल्नुभयो। र अब यहा उ तल सामरियाको सडकमा आउछ, जसरी मैले धेरै जसो व्याख्या गर्ने गरेको छु; होला उसको अनुहारको वरपर त्यो सेतो जुँगादाह्री अल्भिएको हुन्थ्यो, सुर्यको घाममा उसको तालू शिर टल्कीरहेको हुन्थ्यो, सानो बुढो खुम्चिएको आँखा, त्यहाँ तल आफ्नो हातमा लट्ठी लिएको, र मुहारमा मुस्कान सहित इस्राएलको राजातिर आईरहेको, र उसले भन्यो, “मेरो वचन बिना त्यहाँ शित पनि पर्नेछैन।”

23 परमेश्वरले हामीलाई त्यस्तै खालको मान्छे दिएका होउन्, बुभ्नुभयो, ती मानिसहरु जसलाई थाहा छ कि तिनीहरु के गर्दैछन् भनि, जुन परमप्रभु यसो भन्नुहुन्छ।

24 अब, हामीले यो पाउछौ कि उसले यस्तो गर्नुभन्दा अगाडि, परमेश्वरले उसलाई बोलाउनुभएको थियो। परमेश्वर उसंग बोल्नुभएको थियो, त्यसैले, उ केहि कुराको लागि पनि डराएका थिएनन्। उ आफ्नो संदेशमा डराएका थिएनन्, त्यो हुदैन भनि थिएन उसलाई; उसलाई थाहा थियो त्यो हुन आउछ भनि! उसलाई थाहा थियो कि त्यो प्रभुको वचन अनुरुप थियो, र उसलाई थाहा थियो कि उ त्यो समयको लागि परमेश्वरको अगमवक्ता थियो। त्यसैले चाहे राजाले उसको टाउको छिनाईदियोस्, उसलाई कैदिगृहमा राखिदियोस्, जे सुकै तिनीहरुले गरोस, त्यसले उसलाई केहि फरक पार्दैन थियो; उसंग ठिक राजाको सामू परमेश्वरको एउटा आज्ञा थियो, "परमप्रभु यसो भन्नुहुन्छ," भन्ने। कत्ति भद्दा व्यक्ति थियो! तर उसले यो सबै गर्नुभन्दा अगाडि, उसले यो महान विपत्तिको बारेमा भविष्यवाणी गरे...

25 किनकि परमेश्वरले पापलाई सजाय रहित हुन जान दिनुहुन्न। त्यहाँ सजाय हुननै पर्छ। सजाय बिनाको व्यवस्था के काम को हुन्छ र? त्यसले के राम्रो गर्छ र, भन्दा चाहि, "रातो बत्ति बल्दा गाडि कुदाउनु कानूनको विपरित हो भन्ने," र त्यसको कुनै जरिवाना छैन भने, वा कुनै सजाय छैन भने? त्यो कानून नै रहदैन। त्यसैले त्यहाँ पापको लागि सजाय छ। र जब परमेश्वरले एउटा व्यवस्था बनाउनुहुन्छ, र त्यो व्यवस्थालाई उलंघन गरिन्छ, तब त्यहाँ त्यसको लागि दण्ड पनि हुनुपर्छ।

26 र यो देशले उहाको सबै व्यवस्थाहरुलाई उलंघन गरेको छ। ओ, तिनीहरुसंग ठूला मण्डलीहरु थिए, तिनीहरुको ठूला मन्दिर थिए। तिनीहरुसंग प्रशस्त शिक्षित मानिसहरु थिए। तिनीहरुसंग पुरा देशभरी अगमवक्ताहरु थिए, तिनीहरुको निम्ति धर्मशास्त्रका विद्यालयहरु थिए, तिनीहरुलाई एउटा मेसिन परिणत गरिरहेका थिए। र तिनीहरुसंग प्रशस्त अगमवक्ताहरु थिए, तिनीहरु संग प्रशस्त पुजाहारीहरु थिए, तिनीहरुसंग प्रशस्त शास्त्रीहरु थिए, र तिनीहरुसंग प्रशस्त्र धर्महरु थिए, र पनि तिनीहरु परमेश्वरको वचनभन्दा टाढा थिए। त्यसैले परमेश्वरले एउटा मानिसलाई तिनीहरु सबैको स्तरभन्दा बाहिरबाट बोलाउनुभयो, र उसलाई परमप्रभु यसो भन्नुहुन्छ संग पठाउनुभयो।

27 र ध्यान दिएर हेर्नुहोस् कसरी उहाले उहाको आफ्नाहरुको वास्ता गर्नुहुन्छ। उहाले यो अगमवक्तालाई संदेश सहित पठाउनुभन्दा पहिले, उहाले भन्नुभयो, "एलिया, तल जा र अहाब राजालाई यी कुराहरु भन्। र

अब, जब तैले यो भन्छस्, त्यसपछि तुरुन्तै त्यसबाट तँ टाढा हु, किनकि मैले अनावृष्टिको समयको निम्ति तेरो लागि एउटा ठाउ बनाएको छु। म तेरो ख्याल राख्नेछु, एलिया, यदि तैले मेरो वचन प्रचार गरिस्, र मैले जे गर् भन्छु त्यो गरिस् भने।"

28 अब आजराति म एलियाको यो महान् सेवाकाई लाई र एलियाको समयलाई आज हामी जिईरहेको दिनमा चित्रण गर्न जादैछु। म विश्वास गर्छु कि यो एउटा सिद्ध चित्रण हो। म राष्ट्रहरुको विषयमा सोच्छु...यदि म...हामी संग त्यहाँ फर्केर हेर्ने समय भए, तर म प्रशस्त समय प्रार्थनाको लाईनमा दिन चाहन्छु।

29 त्यसैले यदि हामीले फर्केर हेर्न सके, इस्राएलले प्यालेसटाईनलाई त्यहि आधारमा लिएका थिए जसरी हामीले संयुक्त राज्यलाई लिएका थियौ। हामी यहाँ संयुक्त राज्यमा आयौ र यहाँका निवासीहरुलाई निकाल्यौ, जो इन्डियन्सहरु थिए, र तिनीहरुको जमिन हडप्यौ। र त्यसरी नै इस्राएल पनि प्यालेसटाईनमा आएका थिए, यहोशूको अगुवाईमा, परमेश्वरको अधिनमा भएर, र त्यहाँका निवासीहरूलाई हटाएर त्यो जमिन आफ्नो अधिकारमा लिए।

30 र तिनीहरुको पहिलो राजाहरु एकदम शक्तिशाली व्यक्तिहरु थिए: दाउद, सोलोमन, र अन्य महान् मानिसहरु थिए। हाम्रा पहिलो राष्ट्रपतिहरु पनि महान् व्यक्तिहरु थिए: वासिंगटन, लिंकन, र त्यस्तै आदि। त्यसपछि अन्तिममा राष्ट्रपतिहरु वा राजाहरु झन् झन् हरेक समयमा दुषित हुदै गए, र अन्तिममा तिनीहरु यो आहब जस्तो दुषित राजाको अवस्थामा आयो। ठिक उहि चित्रण, ठिक अहिलेको दिनको नमूना थियो। र मानिसहरु यति सम्म आधुनिक भए कि तिनीहरुले प्रभुको सत्य वचन सुन्नबाट तर्किए।

31 र तपाईले कल्पना गर्नसक्नुहुन्छ, यस्तो आधुनिक मानिसहरुको माझमा, परमेश्वरको साचो दास तिनीहरुको अगाडि कस्तो सुनिन्थ्यो होला। "किन, यो त पागल हो, यसको दिमाग ठिक ठाउमा छैन। त्यहाँ यस्तो केहि कुरा नै छैन।" तिनीहरु धार्मिक मानिसहरु थिए, अत्यन्त धार्मिक थिए। तिनीहरुसंग इमानदार मानिसहरु थिए, तिनीहरु संग इमानदार व्यक्तिहरु थिए। तिनीहरु अत्यन्त धार्मिक थिए।

32 त्यसैले उसलाई थाहा थियो कि यसको लागि केवल साधारण धर्मशास्त्र विद्याले पुग्दैन, यसको लागि कुनै साधारणभन्दा अलग खालको संदेशको

आवश्यकता थियो, तिनीहरुको ढुंगाको हृदयहरुलाई भाच्नलाई मात्र वचन प्रचारले पुग्दैन थियो। तिनीहरुमा त्यो इन्साफको लागि परमप्रभु यसो भन्नुहुन्छ भन्ने वचन चाहिन्छ भन्ने कुरा उसलाई थाहा थियो, त्यसैले जब उ परमप्रभु यसो भन्नुहुन्छ भन्ने वचन सहित बाहिर गएका थिए उनले यो कुरा जान्दथे। त्यसलाई अस्विकार गर्नु भनेको इन्साफ आउनु थियो। हामीले त्यहि कुरा आज हाम्रो दिनहरुमा पनि देख्छौ। हामी यी कुराहरु अन्य दिनहरुमा पनि देख्छौ। जब तपाईले अनुग्रहको सीमाभन्दा बाहिर टेक्नुहुन्छ त्यहाँ अरु केहि बाकि रहदैन केवल इन्साफ रहन्छ।

33 अब, यो प्ररूप हो, म एलियालाई आजका मण्डलीहरुमा चित्रण गर्न जादैछु, आजका मण्डलीहरुसंग। ठिक इन्साफको समयभन्दा अगाडि उसले यो संदेश पाएका थिए। एलिया, जब उसको शारीरिक ख्याल राखियो, र शारीरिक भोजनको वास्ता राखियो, उनी यसको प्रतिक हुन्, किनभने त्यो समयमा परमेश्वरको वचन अनुसार तिन वर्ष छ महिनासम्म पानी नपर्नेवाला थियो, वा एलियाले नभनेसम्म पानी नपर्नेवाला थियो। “जुनै पनि समयमा तैले भन्, एलिया, त्यहि नै तरिकाले हुनेछ।” त्यसैकारणले उनी राजा कहाँ गए, र भने, “मैले नभनेसम्म त्यहाँ शित पनि झर्ने छैन।” त्यो एकप्रकारको ठूलो भारी आयो, होइन र? त्यो एकप्रकारको भारी संदेश थियो।

34 र अब हामी त्यसलाई आजको दिनको आत्मिक अनावृष्टिसंग चित्रण गर्न जानेछौ। अब, हामी सबैलाई थाहा छ, हामी सबैजना सचेत छौ, कि त्यहाँ आज एउटा ठूलो आत्मिक अनावृष्टि छ, आत्मिक रूपले बोल्दा। र, तपाई जान्नुहुन्छ, त्यो अगमवक्ताहरुले भविष्यवाणी गरेका थिए, ख्रीष्टको ठिक दोस्रो आगमनको अगाडि यसो हुनेछ भनेका थिए, “त्यहाँ देशमा अनिकाल आउनेछ, र त्यो रोटिको हुनेछैन, तर परमेश्वरको वचन सुन्नेको अनिकाल हुनेछ।” र त्यो दिन अहिले नै हो, “परमेश्वरको सत्य वचन सुन्नु।” अब यो प्राकृतिक अनिकाल आत्मिक अनिकालको नमूना हो।

35 पाप र अविश्वास, झुटा शिक्षक र मण्डलीका आधुनिकवादिहरुले, यो ठाउलाई यस्तो अवास्थामा ल्याए, आउदै गरेको इन्साफ ल्याएका छन्। तब तिनीहरु परमेश्वरको वचनबाट र अगमवक्ताहरुबाट तर्केर नया आधुनिकवादको धर्मशास्त्रका वचन तिर लागे।

36 तपाईले यहाँ ध्यान् दिनुभएको छ, यस्तै नै समयमा हो परमेश्वरले सधै जसो कसैलाइ उठाउनुहुन्छ। किनभने, उहाले सधै आफ्ना मानिसहरुमा त्यो प्रकट नगरीकन केहि पनि गर्नुहुन्न, र उहाले यो सधै आफ्नो दासबाट भएर प्रकट गर्नुहुन्छ।

37 अब, तर एलिया, यो समयको अवधिमा परमेश्वरले एउटा गुप्त स्थान राखीदिनुभएको थियो जहाँ उसलाई जानको निम्ति आज्ञा गर्नुभएको थियो। त्यो नै कुरा हामी हेर्न जादै छौ प्रार्थनाको लाईनमा जानु भन्दा पहिले। एलियासंग गुप्त ठाउ थियो जुन परमेश्वरले स्वयम उसको निम्ति जुटाउनुभएको थियो। अब, त्यस बेलाको मण्डलीले कहिल्यै उसलाई त्यो दिएको थिएन, राजाले कहिल्यै उसको लागि त्यो जुटाएको थिएन, उसले आफैलाई जुटाएको पनि थिएन, तर परमेश्वर स्वयमले एउटा गुप्त ठाउ एलियाको निम्ति जुटाउनुभयो जहाँ उसलाईहरेक समय खुवाउनु हुन्थ्यो त्यो अनिकालको अवधिभरी, जहाँ उसको खाना उसको लागि दैनिक दिलाईन्थ्यो। उसले फिक्री गर्नु पर्दैन थियो भोलि के हुने हो भनि या खाना नपाईने होकि भनि। परमेश्वरले भन्नुभयो, “मैले कागलाई आज्ञा दिएको छु र तिनीहरुले तलाई खुवाउने छन्।” कति अद्भूत कुरा हो यो, ख्रीष्टमा हाम्रो एउटा गुप्त स्थानको एउटा चित्रण हो।

38 जब विश्व परिषद र आदि इत्यादि कुराहरुले भन्छन्, “आश्चर्यको कामहरुका दिन बितिसकेका छन्।” परमेश्वरको महान् शक्ति मण्डलीहरुबाट निकालिएका छन्। तिनीहरु यस्तो भएका छन्, तिनीहरुसंग अब बाकि केहि पनि नभएर मात्र “एउटा बज्दै गरेको पितल र झंझनाईरहेको झाँझ” मात्रै छ। हामी जान्दछौ कि यहि नै सत्य हो। “र भक्तिको भेष लगाउने, परमेश्वरको सामर्थ्यलाई चाहि इन्कार गर्ने।”

39 यो ठिक त्यहि नै जुन दाउदले गरेका थिए, यो बिहानीमा, जुन त्यो गोरुको गाडामा उनले गरेका थिए, परमेश्वरको वचन देखि टाढा गएका थिए। जब वचन उनीहरुको सामू राखियो तिनीहरुले वचनको चाह गरेनन्; त्यसैले तिनीहरुले त्यस वचनबाट दूर भए।

40 त्यहि नै यी मानिसहरुले एलियाको दिनहरुमा गरेका थिए, तिनीहरु वचन बाट दूर भएका थिए। तिनीहरुले आफुसंग वचन छ भनि सोचेका थिए, तर तिनीहरु संग वचन थिएन। त्यसैले ती कुरालाई ध्यान दिनुहोस्...

41 त्यो समयमा उहाले अविश्वासीहरुलाई दण्ड दिन जादै हुनुहुन्थ्यो, उहाले विश्वासहरुको निम्ति चाहि बाटो बनाउदै हुनुहुन्थ्यो। त्यहि नै काम उहाले हरेक समयमा गर्नुहुन्छ। ती दिनहरुमा जब उहाले संसारलाई पानीले नष्ट गर्न जादै हुनुहुन्थ्यो, उहाले नोआको निम्ति त्यसबाट बच्नलाई बाटो बनाईदिनुभएको थियो। ती दिनहरुमा जब उहा मिश्रबाट भएर जादै हुनुहुन्थ्यो, उहाले आफ्ना मानिसहरुको निम्ति समुद्रबाट भएर बचेर जानको निम्ति एउटा बाटो बनाईदिनुभएको थियो। उहाले कसरी आफ्नो बाटो बनाउनुहुन्छ! र जहाँ कुनै बाटोनै छैन त्यहाँ उहा नै बाटो हुनुहुन्छ। उहा नै बाटो हुनुहुन्छ!

42 अब हामी जान्दछौ कि हामी ती केहि कुराका सामना गर्दैछौ...यो नै ती मध्ये महान् घडि हो जुन इतिहासमा कहिल्यै यस्तो समय भएको छैन। यो विल्कुल युद्धपोत जुन चम्किलो मिसाईलसंग आउछ, जुनमा त्यसको टाउको छ, त्यसबाट हामी डराउँपर्ने आवश्यक छैन, हामी त मण्डलीहरु संग हो डराउनु पर्ने। यहि नै घडि हो जुनलाई हामीले ध्यान दिनुपर्ने छ जुन समयमा हामी जिईरहेका छौ।

43 अब ध्यान दिनुहोस्, तर परमेश्वरले एलियाको निम्ति त्यसबाट बच्नलाई बाटो राखिदिनुभएको थियो। र उहाले आउनलागेको क्रोधबाट आफ्नो विश्वास गर्ने छोराछोरीहरुको निम्ति त्यसबाट अहिले बच्ने बाटो राखिदिनुभएको छ।

44 किनभने परमेश्वर ती मानिसहरुलाई सजायको न्याय गर्नलाई न्यायी हुनुहुनेछैन यदि उहाले सोदोम र गमोरालाई डुबाउनुभयो, र कपर्नहुमलाई समुन्द्रको बीचमा डुबाउनुभयो र ती सोदोम र गमोराका पुस्ताहरुलाई दण्ड दिनुभयो र हामीलाई त्यहि गर्न दिएर त्यसबाट बच्न दिनुभयो भने। हामी त्यति नै इन्साफको लागि निश्चित छौ जत्ति तिनीहरु निश्चित रुपमा दण्डित भएका थिए। अब हामीले त्यो ध्यान दिनसक्छौ...

45 जब यी कुराहरु आउन थाले, ती आधुनिक दिनहरु शुरू हुन थाले, परमेश्वरले त्यो दिनमा एउटा मानिसलाई उठाउनुभयो, एउटा मानिसलाई उठाउनुभयो, जबकी, तिनीहरुले त्यसको विरुद्धमा युद्धको शक्ति तयार पारे र त्यस मानिसको कुरा सुन्न छोडिदिए। तिनीहरुले त्यो मानिस पागल हो भनि सोचे, "यसले आफ्नो बुद्धि गुमाएको छ। यो त मात्र एउटा पाखे अन्धो

भक्त हो, त्यो उजाडस्थानबाट आएको एउटा मूर्ख हो, एक प्रकारको झक्की बुढो हो।" तर पनि उसंग परमप्रभुको वचन थियो।

46 "वचनले के भनेको छ त्यसको अर्थ त्यहि नै हुदैन।" तिनीहरु आज यहि भन्छन्। "ओ, ठिक छ, बाईबल त एउटा इतिहासको पुस्तक हो।" मलाई लाग्छ तपाईहरुले यो देख्नुभएको छ, कि अहिले तिनीहरुले यो दाबी गर्छन् कि, "हव्वाले स्याउ खाएको होइन, उसले त एउटा..." त्यो के थियो? मलाई लाग्छ..."उसले एउटा खुर्पानी खाएको थियो," तिनीहरुले अहिले यसो भन्छन्। "त्यो एउटा खुर्पानी थियो।" र त्यसपछि, त्यो, "मोसाले कहिल्यै पनि यहुदिहरुलाई लाल समुन्द्रबाट भएर ल्याएका थिएनन्। त्यो त ठूलो झाडि झुप्पा थियो जुन समुन्द्रको तिरमा थियो, उ त समून्द्रको झाडिबाट भएर आएका थिए।" त्यो हो भने कसरी पानी, पानीको, दुवै पट्टिमा पर्खाल राखिएको थियो, त्यो हो भने तिनीहरु सुक्खा भूमीबाट भएर गयो? ओ, कति वाहियात! तर, तपाईले देख्नुहुन्छ, मानिसहरुमा परमेश्वरको क्रोध ल्याउनलाई त्यो किसीमको दिन आउनुपर्छ। त्यसले त्यसो गराउछ।

47 तिनीहरुले भन्छन् कि त्यहाँ त्यस्तो कुनै कुराहरु छैन...यहाँसम्म कि मण्डलीकै मानिसहरुले समेत विश्वास गर्दैनन् आश्चर्यका कामहरुलाई। तिनीहरुले भन्छन्, "म तिमीलाई हजार डलर दिन्छु, मलाई एउटा आश्चर्यको काम देखाईदेऊ, मलाई एउटा चमत्कार देखाईदेउ।" अँ, यदि त्यहाँ दस हजारओटा चमत्कार तिनीहरुकै अगाडि गरेको भएपनि तिनीहरुले देख्ने थिएनन्। किन, तिनीहरुले त्यो कहिल्यै देख्ने छैनन्।

तपाईले भन्नुहुन्छ, "त्यो असम्भव हो।" ओ, होइन, त्यो असम्भव होइन।

48 एलिया एकपटक दोथानमा थिए, र सिरियाका सेनाहरु उसलाई समात्नको लागि आएर त्यो शहरलाई घेरेका थिए, किनभने तिनीहरुले जानेका थिए कि उसैमा नै देशको शक्ति थियो, त्यो शक्ति त्यो भविष्यवक्तामा थियो। किन, राजा...ती मानिसहरु मध्ये एकजनाले सिरियाका राजालाई यसो भनेका थिए, "तपाईलाई थाहा छ, एलिया अगमवक्ताले, तिश्बीले इस्राएलका राजालाई तपाईले आफ्नो गुप्त कक्षमा बोलेका कुराको विषयमा भनिदिन्छन्।"

49 र उसले भन्यो, “जानुहोस् र त्यो व्यक्तिलाई समात्नुस्! त्यहि नै मान्छे हो जसले हामीलाई बाधा पुराईराखेको छ।” र ती सबै सिरीयाका सेनाहरु त्यहाँ दोथानमा चारैतिर घेरेर बसेका थिए। तिनीहरु सबै चारैतिर थिए।

50 र गेहजी, त्यो अगमवक्ताको दास, उनी उठे, र उसले भन्यो, “ओ, मेरो पिता, सेनाहरु सबै हामीलाई घेरेर चारैतिर यहाँ बसेका छन्। हामी पुरै तरीकाले घेरिएका छौ।”

51 उसले भन्यो, “किन र हामी संग तिनीहरुसंग भएकाहरु भन्दा झन् धेरै छन्।” देख्नुभयो?

र गेहजीले चारैतिर हेरे, र भने, “म कसैलाई पनि देख्दिन त।”

52 उसले भन्यो, “प्रभु परमेश्वर, यस केटाको आँखा तपाईले खोलिदिनुहोस्।” र उसको आँखा खोलियो र स्वर्गदुतहरु रथमा बसेर सबै डाँडाहरु भरेका थिए, अदृष्य शक्तिहरु थियो।

53 एलिया हिडेर बाहिर निस्के, र बाईबलले भन्छ, “उसले तिनीहरुलाई अन्धो बनाईदिए।” उनी त्यहाँबाट तिनीहरुकहा बाहिर निस्के; तिनीहरु उनको लागि अन्धो भए। बाहिर आए र उनले भने, “के तिमी एलियालाई खोज्दै छौ?”

उसले भन्यो, “हो, हामीले एलियालाई खोज्दै छौ।”

54 उसले भन्यो, “आउ, उ कहाँ छ भनि म तिमीहरुलाई भन्छु,” र तिनीहरुलाई ठिक त्यो लुकेर आक्रमण गर्ने ठाउमा लगे, ठिक त्यहाँ लगे जहाँ सेनाहरु थिए र तिनीहरुलाई आक्रमण गरे।

55 अब, बाईबलले भन्छ, “उसले तिनीहरुलाई अन्धो बनाईदिएका थिए।” त्यसैले मामलालाई सुल्टाउछ। र आज मानिसहरु यति आत्मिक रूपमा अन्धो छन्, कि परमेश्वर तल मानिसहरुको बीचमै आए तापनि र जे गरे पनि, र उहाले प्रतिज्ञा गर्नुभएको कुरा गरे तापनि तिनीहरुले अझै पनि देख्दैनन्। तिनीहरु आत्मामा अन्धो छन्: परमेश्वरलाई चिन्दैनन्, उहाको महान् सामर्थ्यलाई चिन्दैनन्। र अब हामीले ध्यान दिऔ कि तिनीहरुले ती कुराहरु एलियाका दिनमा गरेका थिए, र तिनीहरुले अझै पनि आजको दिनमा त्यस्तै नै गर्छन्। परमेश्वरले तिनीहरुलाई अन्धो पारिदिनुभएको छ। तिनीहरुले आज यसो भन्छन्, “त्यहाँ कुनै आश्चर्यको काम हुदैन, त्यहाँ कुनै त्यस्तो कुराहरु छैन, यो सबै मानिसहरु भावनामा बगेका हुन्।”

56 र तिनीहरुले एलियाको बारेमा पनि त्यहि कुराहरु गरेका थिए, किनभने उनी माथि उठाई लगेका थिए र एलिशाले उनको स्थान लिएका थिए, एउटा जवान व्यक्ति, उनी तालु भए, जवान, बच्चाहरु उनको पछि पछि आए र भने, "बुढो तालु खुइले, तिमी किन एलिया संग जादैनौ?" देख्नुभयो, शुरूमा त तिनीहरुले विश्वास पनि गरेका थिएनन् ती मानिसहरुले जब कि कति धेरै कार्यहरु गरिएका थिए। र यो परमेश्वरको महान् व्यक्ति स्वर्गमा आगोको रथले परिवर्तित भएका थिए, र मानिसहरुले अझै पनि त्यो विश्वास गरेका थिएनन्। र तिनीहरुका साना बालकहरु यो मानिसको पछाडि दौडेर आई भनेका थिए, "बुढो तालु खुइले, किन तिमी माथि गएनौ?" देख्नुभयो? र तब अगमवक्ताले बच्चाहरुलाई श्राप दिए, र पोथी भालुले बयालीस जना जती बच्चालाई मारिदियो।

57 अब ध्यान दिनुहोस्। आज, जस्तो त्यो बेला भएको थियो, तिनीहरुले वचनमा आफ्नै व्याख्या राखिदिए। अब, यदि तिनीहरुले त्यसो गर्न चाहन्छन् भने, त्यो तिनीहरुमा नै भर पर्छ, तर तिनीहरुले हामीलाई पनि त्यो विश्वास गर्ने बनाउन खोज्छन्। बाईबलले भनेको छ, "परमेश्वरको वचन कुनै निजी व्याख्या होइन।" परमेश्वरले उहाको आफ्नो व्याख्या आफै गर्नुहुन्छ। परमेश्वरले आफ्नो वचनलाई आफैले पुष्टि गर्नुहुन्छ, र त्यहि नै त्यसको व्याख्या हो। जसरी मैले धेरै पटक भनेको छु, उहाले आदिमा भन्नुभएको थियो, "उज्यालो होस्," र त्यहाँ उज्यालो भयो। त्यसलाई व्याख्याको खाँचो छैन; त्यो त्यसरी नै हुन आयो। उहाले भन्नुभयो, "एउटा कन्या कुमारीले गर्वधारण गर्ने छिन्।" उनी गर्ववती भईन्। उहाले भन्नुभयो, उहाले "आफ्नो आत्मा खन्याउनुहुनेछ," उहाले त्यसो गर्नुभयो। र उहाले भन्नुभयो "अन्तिम दिनहरुमा," जुन कुरा उहाले गर्छु भन्नुभएको छ, उहाले त्यो गर्दै हुनुहुन्छ! त्यसलाई कुनै व्याख्याको आवश्यक छैन; परमेश्वरले आफ्नो व्याख्या आफै गर्दै हुनुहुन्छ। मूर्ख मानिसले जे सुकै भनोस त्यसले परमेश्वरलाई थोरै पनि रोक्न सक्दैन।

58 जब येशू पृथ्वीमा हुनुहुन्थ्यो, उहाको समयमा संघर्ष गर्नको लागि उत्तिनै अविश्वास थियो जत्ति आज छ, उहाले त्यतिनै अविश्वाससंग संघर्ष गर्नुभएको थियो जति आज छ, हुनसक्छ अझै यो भन्दा बढि थियो होला। तर त्यसले उहालाई रोक्नसकेन; उहा ठिक आफ्नो कार्यलाई निर्वाह गर्दै र बढाउदै लानुभयो, र परमेश्वरले प्रत्येक कुरालाई पुष्टि गर्दै लानुभयो जुन येशूले गर्नुभएको थियो। उहाले भन्नुभयो, "म आफै यो कार्य गर्दिन। मेरो पिता र म

एकै हौ; उहा ममा बास गर्नुहुन्छ। यो कार्यहरु गर्ने म होइन, यो उहा हुनुहुन्छ जो ममा बास गर्नुहुन्छ। र यदि मैले उहाको काम गरिन भने मलाई विश्वास नगर; र यदि मैले यी गरे र तिमीहरुले मलाई विश्वास गर्न सकेनौ भने यी कामहरुलाई विश्वास गर।" बुझ्नुभयो? अर्को शब्दमा भन्दा, तिनीहरु... "धर्मशास्त्रमा खोज," उहाले भन्नुभयो, "किनकि तिमीहरुले सोच्छौ कि त्यसैमा अनन्त जीवन छ भनि, धर्मशास्त्र जानेर। र धर्मशास्त्र आफैले मेरो गवाहि दिन्छ।" आमेन! कति बलियो अभिव्यक्ति छ! "त्यहि धर्मशास्त्र नै हो जसले म को हुँ भनि भन्छ।" येशूले त्यहि भन्नुभयो।

59 र त्यो धर्मशास्त्र नै हो जसले हामी कुन समयमा जिईरहेका छौ भनि भन्दछ। र ती कुराहरु गरिएको तिमीहरुले देखेपछि, त्यो परमेश्वर स्वयम् आफ्नो मानिसहरुको माझमा बसेका हुन्। केहिले पनि मरेकालाई जीवित उठाउन सक्दैन तर मात्र परमेश्वरले सक्नुहुन्छ। उहाले बाहेक कोहिले पनि त्यो कार्य गर्न सक्दैन जुन उहाले अहिले गर्नुभएको छ। किनभने बाईबलले भनेको छ, "उहा हिजो, आज, र सधैंभरी एक समान हुनुहुन्छ।"

60 अब हामीले मानिसहरुमा आधुनिक चलनहरु देख्न सक्छौ, तब, "ओ, ती दिनहरु बितीगएका छन्, त्यहाँ कुनै पनि त्यस्तो कुरा छैन जुन आश्चर्यको काम भनिन्छ। ती मानिसहरु सबैजना भावनामा बगेर काम गर्छन्।"

61 त्यो एलिया अगमवक्तालाई सुन्नुहोस्, तिनीहरुको र तिनीहरुको शास्त्रीहरुको विरुद्धमा बोल। ध्यान दिनुहोस्, ध्यान दिनुहोस्, उनले आफू नै परमेश्वर भए जसरी बोले, एलियाले आफै नै परमेश्वर भएको जसरी बोले, "मैले नभनेसम्म शित पनि आकाशबाट झर्नेछैन।" आमेन! हो, श्रीमान्। त्यो अगमवक्ता परमेश्वरको उपस्थितिमा लामो समय देखि बसेका थिए!

62 पुरानो नियमको अगमवक्ताहरु, वा कुनै पनि समय, जब तिनीहरु परमेश्वरको उपस्थितिमा यतिबेर सम्म बस्थे कि जबसम्म तिनीहरु वचन हुदैन थिए, तिनीहरुको संदेशनै वचन आफै थियो। र, याद गर्नुहोस्, उसले यसो भनेको थियो, "परमप्रभु यसो भन्नुहुन्छ।" र ती मानिसहरुसंग परमेश्वरको संदेश हुन्थ्यो, तिनीहरु वचनमा यति अन्धो हुन्थे कि तिनीहरुको सोचाई नै...त्यो वचन नै तिनीहरुको विचार विपरीत हुने गर्थ्यो...त्यो तिनीहरुको विचारको विरुद्धमा हुन्थ्यो होला, तिनीहरुले त्यो सहि हो भनि देख्न सक्दैन थिए होला। तर तिनीहरु परमेश्वरको वचन बोलिरहेका हुन्थे, "परमप्रभु यसो भन्नुहुन्छ।"

63 "मैले नभनेसम्म त्यहाँ कुनै पानी पर्नेछैन।" ओ, कति बलियो अभिव्यक्ति थियो! उनी परमेश्वरको उपस्थितिमा नै रहिरहेक थिए र सिद्ध रुपमा प्रमाणित गरिएका थिए। र, याद गर्नुहोस्, त्यसले आमोस ३:७ लाई पछ्याएको थियो, "परमप्रभु परमेश्वरले आफ्नो दास, अगमवक्ताहरुलाई आफ्नो रहस्य प्रकट नगरिकन केहि गर्नुहुन्न।" उसले भन्यो, "त्यहाँ कुनै पानी पर्ने छैन!" उहाले पहिले...

64 तिनीहरु उनी प्रति हासे, तिनीहरुले उनलाई पागल भनि सोचेका थिए, "त्यो कट्टर!" भन्दथिए। तर, हेर्नुहोस्, उनीसंग परमप्रभु यसो भन्नुहुन्छ भन्ने वचन थियो जसले पानी पर्न बाट रोक्थ्यो। र परमेश्वरले त्यसो गर्नुभन्दा पहिला उहाले आफ्नो दास एलियालाई त्यो कुरा प्रकट गर्नुभयो। र उ साबित गरिएको, प्रमाणित अगमवक्ता थिए, त्यसैले मानिसहरुले पश्चताप गर्न पर्ने थियो। तर, त्यसको साट्टोमा, तिनीहरु झन् उनी प्रति हासे, अनि भने, "ओ, हाम्रोमा पर्याप्तरुपमा पानी परेको छ! पानीको संकलनको ट्यांकी भरी छ। नदिहरु राम्रैसंग बगिनै रहेको छ।"

65 बाईबलले यसो भनेको छ, "त्यहाँ तिन वर्ष छ महिनासम्म कुनै शित समेत झरेन।" सबै ठाउमा सबै नदि र पानीहरु सुकि गएको थियो। त्यो मान्छेले होइन तर परमेश्वरले मान्छेबाट भएर बोल्दै हुनुहुन्थ्यो। त्यो "म हुँ" स्वयम् हुनुहुन्थ्यो। हामीले सधै जानेका छौ। त्यसैले उसले...

66 हामीले यो पाउछौ कि जब परमेश्वरले पठाएको, परमेश्वरबाट नियुक्त भएको, एउटा मान्छे परमप्रभु यसो भन्नुहुन्छ भन्ने वचनको संदेश लिएर आउछ तब संदेश र सन्देशवाहक एउटै र उहि हुन्छ। किनभने उसलाई परमप्रभु यसो भन्नुहुन्छ भन्ने वचनको प्रतिनिधिको रूपमा पठाईन्छ, वचनको वचन हुन्छ, त्यसैले उ र उसको संदेश एउटै हुन्छ।

67 एउटा संगठित संस्थाको मण्डलीको मान्छे जो संगठित संस्थाको आश्रयको अधिनमा हुन्छ, त्यो व्यक्ति र उसको मण्डली "एउटै" हो। एउटा धर्मशास्त्री धर्मशास्त्रको अधिनमा छ, कुनै संगठित मण्डलीले बनाएको छ, त्यो व्यक्ति र उसको संदेश एक हो; धर्मशास्त्र विद्याको मण्डलीको एउटा धर्मशास्त्री हो। त्यो ठिक तरिकामा त्यस्तै हो।

68 तब जब एउटा मानिस परमप्रभु यसो भन्नुहुन्छ भन्ने वचन सहित आउछ, उ र उसको संदेश एक हो। र जब एलिया परमप्रभु यसो भन्नुहुन्छ भने वचनमा आउछ, उ र उसको संदेश एउटै हो। ठिक येशू जस्तै, जब उहा आउनुभयो,

उहा नै वचन हुनुहुन्थ्यो, सन्त यूहन्ना १ मा। त्यसैले परमेश्वरको वचन र त्यस युगको सन्देशवाहक एकै थियो। सधै नै त्यस्तै छ। त्यो सहि हो।

69 येशू ख्रीष्ट नै वचन हुनुहुन्छ जसको विषयमा भविष्यवाणी गरिएको थियो। उहा त्यहि हुनुहुन्छ जसको अगमवक्ताले भविष्यवाणीमा भनेका थिए, "एउटा कन्या कुमारी गर्ववती हुनेछिन् र एउटा छोरा जन्माउने छिन्।" शुरूवातमा नै परमेश्वरले तिनीहरुलाई त्यहाँ यसो भान्नुभएको थियो, "स्त्रीको सन्तानले सर्पको सन्तानको शिर कुछ्याउने छ, र त्यसको सन्तानले स्त्रीको सन्तानको खुट्टामा डस्ने छ।" यी सबै अगमवाणी दिईएको थियो। दाउदले कराएका थिए, बाकि रहेका सबै अगमवक्ताहरुले युगौदेखि उहाको बारेका बोल्दै आएका थिए। उहा नै त्यो वचन प्रकट गरिएको हो! हाल्लेलुयाह!

70 अब के तपाईले देख्नुहुन्छ कि म कहाँ जान खोज्दै छु? मैले तपाईहरुको विचमा हल्का खुलस्त बोलेको छ। के तपाईले जीवित परमेश्वरको अख्तियारलाई जीवित मण्डली अर्थात् दुलहिमा देख्नुहुन्न? रोगीहरु निको पारिएको छ, मरेकाहरु जीवित उठाईएका छन्, लंगडोहरु हिडेका छन्, अन्धोले आँखा देखेका छन्, सुसमारचार शक्तिको साथ गईरहेको छ, किनभने संदेश र संदेशवाहक एकै हुन्। वचन मण्डलीमा, व्यक्तिमा छ।

71 परमेश्वरको वचन एलियामा थियो जब उनी त्यहाँ परमप्रभु यसो भन्नुहुन्छ भन्ने वचन सहित त्यहाँ गएका थिए, र भनेका थिए, "त्यहाँ कुनै पानी पर्ने छैन।" त्यो एलिया थिएन; त्यो त एलियामा परमेश्वर हुनुहुन्थ्यो।

72 मैले धेरै पटक भनेको छु, जस्तो कि त्यो इसाई वैज्ञानिक स्त्री जसले मलाई एक पटक भनेको थियो। मैले यो विषयमा धेरै पटक भनेको छु। उनले भनिन्, "श्रीमान् ब्रन्हाम, तपाईले एकदम धेरै येशू ख्रीष्टमा कुरा लानुहुन्छ।"

मैले भने, "म आशा गर्छु कि त्यहि मात्र कुरा होस् जसको बारेमा म जवाफदेहि हुनपरोस्।"

र उनले भनिन्, "तपाईले उहालाई परमेश्वर बनाउन खोज्नुहुन्छ।"

मैले भने, "उहा परमेश्वर हुनुहुन्थ्यो।"

73 उनले भनिन्, "ओ, उहा एउटा अगमवक्ता मात्र हुनुहुन्थ्यो, उहा एउटा असल मानिस हुनुहुन्थ्यो, तर उहा दिव्य इश्वर हुनुहुन्न थियो।"

74 र मैले भने, “ठिक छ, मलाई एउटा धर्मशास्त्रको पद देखाउनुस् जसले उहा परमेश्वर हुनुहुन्न भन्छ।”

75 उनले भनिन्, “सन्त यूहन्नाको पुस्तकमा, त्यसले भन्छ कि उहा ‘रुनु भयो’ जब उहा लाजरसको चिहानमा जानुभएको थियो।”

76 “ठिक छ,” मैले भने, “निस्चय नै, उहा रुनुभयो। उहा दुवै मानव र परमेश्वर हुनुहुन्थ्यो। उहा एउटा मानिस हुनुहुन्थ्यो, त्यसैले रुनुभयो, तर उहाले मरेकोलाई उठाउन परमेश्वर हुनुपर्थ्यो।” ठिक हो। मैले भने, “उहा एउटा मानिस हुदा भोको हुनुहुन्थ्यो; तर उहा नै परमेश्वर हुनुहुन्थ्यो जसले केहि रोटि र पाँचओटा माछाले पाँच हजारलाई खुवाउनुभयो।” त्यो सहि हो। “उहा मानिसनै हुनुहुन्थ्यो जो डुंगाको पछाडिको भागमा सुतिरहनुभएको थियो; तर त्यो परमेश्वर उहामा हुनुहुन्थ्यो जसले त्यो पानी र आंधीलाई शान्त पार्नुभयो।” किन त? किनकि उहा र उहाको संदेश एक थियो।

77 उहाले भन्नुभयो, “म र मेरो पिता एक हौ। मेरो पिता ममा वास गर्नुहुन्छ।” उहा नै शरीरमा परमेश्वरको परिपूर्णता हुनुहुन्छ।

78 मलाई लाग्छ त्यो दिन अत्यन्त प्रवाभशालि थियो, जब मैले *सात मण्डलीको युगहरु* ल्याएदै थिए। शुरूवात गर्नको लागि, मैले येशूलाई तिनीहरु संग खडा राख्न सकिन...त्यो सेतो जुन उहामा थियो, भन्नुभयो, “उहाको केश ऊन् जस्तै सेतो थियो।” मैले त्यो बुझ्नै सकिन कि कसरी एउटा व्यक्ति जो तेत्तिस वर्षको उमेरको छ उसको कपाल हिऊ जस्तो सेतो हुनसक्छ र।

79 मैले एउटा राम्रो शास्त्री विद्वानलाई बोलाए, पेन्टिकोष्टल थियोलोजनलाई बोलाए, मेरो एउटा असल प्रिय मित्र हुनुहुन्थ्यो। र, उहा भाई ज्याक मूर् हुनुहुन्थ्यो। उहा ज्ञानी, र वुद्धिजीवी व्यक्ति हुनुहुन्छ। उहाले भन्नुभयो, “भाई ब्रन्हाम, त्यो त येशू महिमित हुनुभएको हो। उहा महिमित भएसिन ठिक त्यस्तो देखिनुहुन्थ्यो।” होइन मैले त्यो विश्वास गर्ननै सकिन।

मैले—मैले—मैले भने, “ठिक छ, भाई मूर्, धन्यवाद।”

80 म त्यहाँ कोठामा गए र परमेश्वरसंग बोल्न थाले। मैले मेरो शब्दानुक्रमणीकालाई त्यहाँ पछाडि दनिएलको मा लगे, जहाँ यसो भनिएको थियो, “र उहा प्राचिन दिनहरुमा आउनुभयो र उहाको केश ऊन जस्ता सेता थिए।” मैले भने, “प्रभु, मलाई थाहा छैन के भन्ने, र मेरो जिम्मेवारी

छ।" अब, त्यो सात मोहोर खोलिनुभन्दा अगाडिको कुरा हो, लगभग एक वर्ष वा त्यो भन्दा अगाडि हुनसक्छ। मैले त्यहाँ प्रार्थना गर्दैथिए, "प्रभु, त्यो के थियो?"

81 र मैले हेरे, मेरो अगाडि केहि उभिएको थियो, र त्यहाँ एउटा मानिस उभियो र उहा न्यायधिश हुनुहुन्थो, र उहाले शिरमा सेतो उपकेश लगाउनुभएको थियो। पुरानो न्यायधिशहरुले ती प्राचिन समयमा सेता उपकेश लगाउने गर्थे, उ सर्वोच्च अधिकारी हो भनि देखाउनको निम्ति गर्थे।

82 र त्यसपछि मैले येशूलाई सेतो उपकेशमा जब देखे, मैले भने यसले मात्र यो सत्यलाई प्रमाणित गर्छ जुन हामीलाई थाहा छ, कि उहा नै सर्वोच्च अधिकारी हुनुहुन्छ। परमेश्वरले त्यहि कुराको साक्षी परिवर्तनको डाँडामा दिनुभएको थियो, भन्नुभयो, "यिनी मेरा प्रिय पुत्र हुन्, उसको कुरा सुन, त्यो सर्वोच्च अधिकारीलाई सुन!"

83 त्यसपछि त्यो बेला जब सात मोहोरको शुरूवातमा, जब ती सात स्वर्गदूतहरु पिरामिडको रूपमा तल आए, त्यहाँ खडा भए र मलाई भनेका थिए कि फर्केर त्यहाँ जाउ र सात मोहोरहरुको विषयमा बोल, र उ मसंग हुनेछ, उहाले मलाई देखाउनुहुनेछ ती हराएका कुराहरु के हुन् भनि। मैले सधै यहि सोच्थे कि त्यो किताबको पछिल्लो भागमा मोहोर लगाएर राखिएको छ र त्यो यस्तो कुरा हो जुन किताबमा लेखेकै थिएन, तर त्यो यस्तो हुन पुग्यो कि यो थाहा भयो कि उहाले यो नखोली बस्न सक्नुहुन्न। यो पुस्तकमा लेखिएको कुरा थिएन। यो यस्तो कुरा थियो जुन पुस्तकमा लुकाईराखिएको थियो। "किनभने यदि कसैले यसबाट एउटा मात्र शब्द घटायो वा यसमा थप्यो भने..." त्यसैले यो त एउटा रहस्य हो जुन यो पुस्तकमा थियो जुन सात मण्डलीको युगको लागि थियो। ती मध्ये हर एकले एउटा रहस्य उत्पादन गर्थ्यो, सबै ती पानीको बप्तिष्मा र यी अरुकुराहरु ती सबै धेरै समयदेखि गडबड भएको थियो।

84 त्यसपछि जब त्यो माथी बढ्दै गयो, तल क्यालिफोर्निया देखि ठूलो बेधशाला, मेक्सिकोमा, माथी ट्युकसन, जताततै, तिनीहरुले त्यसको तस्बिर लिए। त्यो एउटा रहस्यमय दृष्य थियो। भाई फ्रेड सोथमन त्यहाँ, ठिक त्यहाँ पछाडि बसिरहनु भएको थियो, र म र भाई जिन नोरमन, ठिक त्यहाँ उपस्थित भई उभिरहनुभएको थियो जब त्यो माथी गएको थियो। तिनीहरुले तस्बिर लिए, अझै पनि तिनीहरुलाई त्यसको विषयमा थाहा

छैन। यहाँ केहि समय अगाडि, सबैले भन्दैथिए, “यहाँ हेर्नुहोस। यो *यो* जस्तै देखिन्छ, र ती स्वर्गदूतको पखेटा जस्तै, जसरी तिनीहरु त्यसरी त्यहाँ लपेटिन्छ।”

85 एक दिन, त्यसलाई दायातर्फ फर्काएर हेर्दा, त्यहाँ येशू ख्रीष्ट हुनुहुन्थ्यो जस्तो हफमनले तस्बिर कोरेको थियो त्यस्तै। त्यो यहाँनिर सेतो उपकेश सहित उभिएको थियो, ठिक तल पृथ्वीमा हेरिरहेको थियो, उहा नै सर्वोच्च आधिकारी हुनुहुन्छ भनि देखाऊदै हुनुहुन्थ्यो। स्वर्गले त्यो घोषणा गरेको छ, बाईबलले त्यो घोषणा गरेको छ, सुसंदेशले त्यो घोषणा गरेको छ, सबै कुरा उहि नै हो। सर्वोच्च अधिकारी, सेतो उपकेश सहित; तपाईले देख्नुभएको छ उहाको कालो दारी उहाको मुहारमा। तपाईहरु धेरैले त्यो तस्बिर हेर्नुभएको छ। हामीले त्यहाँ पछाडि राखेका छौ। मात्र त्यसलाई दाया पट्टि फर्काउनुस्, र त्यसलाई हेर्नुस्। त्यहाँ उहा हुनुहुन्छ, जस्तो पहिले थियो त्यस्तैनै सिद्ध रूपमा छ यदि उहाको तस्बिर खिचिएको भए त्यस्तै सिद्ध थियो। तिनीहरुले त्यो तस्बिरलाई गलत कोणबाट हेर्दैछन्। तपाईले त्यसलाई सहि कोणबाट हेर्नुपर्छ। र मात्र प्रभु परमेश्वरले त्यो सहि कोण प्रकट गर्न सक्नुहुन्छ। तपाईको दाहिने तर्फ पल्टाउनुहोस् अनि हेर्नुस्। त्यहाँ उहा हुनुहुन्छ ठिक उस्तै जस्तो उहालाई त्यहाँ माथी बादलमा तस्बिर खिचिएको थियो।

86 मैले पहिलो पटक उहालाई तस्बिरमा हेर्दा, उहा ठिक होफमनले बनाएको *शिरको* चित्रमा जस्तै थियो। मैले त्यो पहिले कहिल्यै देखेको थीईन। र बिल्ली आईतबारे मण्डलीमा, धेरै वर्ष पछि मैले त्यो देखे। त्यसदिन देखि नै मेरो घर त्यो मध्य एउटा तस्बिर बिना रहेको छैन।

87 त्यसपछि, तब, यहाँ आकाशमा, त्यहि नै परमेश्वर जसलाई मैले दर्शनमा देखेको थिए उहि परमेश्वर आकाशमा देखिएको थियो, म मात्रै सानो केटो विद्यार्थी थिए त्यहाँ जहा यो विद्यालय थियो। उहा त्यस्तै नै देखिनुहुन्थ्यो। र तेत्तिस वर्षपछि यहाँ आकाशमा उहाले यो नै सत्य हो भनि घोषणा गर्नुभयो। त्यस्तैनै उहा देखिनुहुन्छ; कुनै मानिसको ज्ञानले भनेको रहस्य जस्तो होइन यो।

88 जस्तो कि भ्याटिक्यानमा छ, तिनीहरुले ख्रीष्टको चित्र त्यहाँ बनाएका छन्, त्यसमा दाह्रीमा एउटा चक्र बनाएका छन् वा उहाको चिउडोको वरपर बनाएका छन्, जुन लगभग आधा इन्ची लामो छ, *यो* तरिकामा उहाको मुखको माथि घुमेको छ, त्यसैलाई नै तिनीहरुले ख्रीष्ट भन्दछन्।

89 त्यसले मेरो मस्तिष्कमा त्यहि ग्रीक चित्रकारको सम्फना दिलाउछ जुन मैले एकपटक प्राचिन आराधनालयमा देखेको थिए, जसमा आदम र हव्वा कस्तो देखिन्थे भन्ने कुरा देखाएको थियो; तिनीहरु पशू जस्तै देखिन्थ्यो। त्यो नै हो जुन संसारिक बुद्धिले केहि आत्मिक कुराहरुको बारेमा बुझ्छ। मलाई लाग्छ आदमनै यो संसारमा भएको पुरुष मध्येमा सबैभन्दा सुन्दर व्यक्ति थियो, र हव्वानै सबै तरिकाले सिद्ध स्त्री थिईन्।

90 अब संसारीक बुद्धिले केहि कुराहरूलाई आफ्नै विचारले बनाउछ, र तब परमेश्वरले तल पठाउनुहुन्छ र उहाको शक्तिले ती कुराहरुलाई खोल्नुहुन्छ। ठिक त्यस्तैनै यहाँ अहाबको दिनहरुमा पनि भएको थियो।

91 अब, हामीले यो पाउछौ कि एलियाले यी सबै कुरा यसकारणले भन्नसकेका थिए किनभने त्यस घडि संदेश र परमेश्वर वचन, संदेशवाहक र संदेश अनि वचन एकै थियो। अगमवक्ता र वचन, सुन्संदेश; संदेशवाहक र संदेश एकै थियो। येशूले भन्नुभयो, "यदि मैले त्यो काम गरिन जुन मेरो बारेमा लेखिएको छ, त्यसो हो भने मलाई विश्वास नगर।" त्यो राम्रो हो। कुनै मानिस र उसको संदेश एकै हो।

92 त्यसैले त आज तिनीहरुले परमेश्वरको काम गराईलाई विश्वास गर्दैनन्, किनभने तिनीहरुले परमेश्वरको संदेशलाई स्वीकार गर्दैनन्। तिनीहरुले संदेशलाई विश्वास गर्दैनन्।

93 तर जसले हामीले जिईरहेको परमेश्वरको यो घडिलाई विश्वास गर्छन्, यी कुराहरु लुकाईएको खाना हो। मात्र सोच्नुहोस्, पमेश्वरले यत्तिसम्म लुकाउनुभयो कि तिनीहरुले ठिक त्यसलाई हेर्छन् र पनि देख्दैनन्। त्यहि तरिकामा जुन तरिकामा एलियाले सिरियाका सेनाहरुमा अन्धोपन लगाएका थिए। त्यहिनै तरिकामा परमेश्वरले उहाको सच्चा छोराछोरी, विश्वासीहरुको भोजन देख्नबाट अविश्वासीलाई अन्धो तुल्याउनुहुन्छ।

94 तिनीहरुले नोआलाई के भने, "एउटा अन्धोभक्त," ले डुंगा बनाईरहेको भने, परमेश्वरको वचन र प्रतिज्ञामा उनको आँखा खुलिएको थियो। तर तिनीहरुले ठिक जुन कुरालाई अन्धोभक्तपन भने, त्यसैले नोआको परिवारलाई बचायो। बुझ्नुभयो, ठिक त्यहि कुरा थियो। त्यहि कुरा जुन प्रति मानिसहरु हास्छन् त्यहि नै कुराको लागि हामी प्रार्थना गर्दछौ। त्यो कुरा जुनलाई तिनीहरुले "पागलपन" भन्छन् हामीले त्यसलाई "महान्!" भन्छौ, जुन कुरालाई संसारले "महान्" भन्छन्, परमेश्वरले "मूर्ख"

भन्नुहुन्छ। र जुन कुरालाई संसारले “मूर्ख” भन्छ त्यसैलाई परमेश्वरले “महान्” भन्नुहुन्छ। त्यो नै ठिक सहि र गलतको विचको अन्तर हो। येशू ख्रीष्ट हिजो, आज, सधैंभरी एक समान हुनुहुन्छ।

95 याद गर्नुहोस्, उनी परमेश्वरको योजनाद्वारा एउटा गुप्त स्थानमा गए, पमेश्वरको बोलावटमा, उहाको वचनमा रहेर गए। एलिया त्यो गुप्त स्थानमा परमेश्वरको पूर्वज्ञानको योजनामा त्यहाँ प्रवेश गरे र उसको जीवनको वोलावट अनुरुप गए, उहाको वचन बमोजिम उनी त्यहाँ गए। र यदि हामी पनि त्यसरी नै प्रवेश गरेनौ भने मलाई अरु कुनै तरिका थाहा छैन हामी कसरी त्यहाँ जानेछौ भनि।

96 र ध्यान दिनुहोस्, अनिकाल शुरू हुनभन्दा अगाडि एलिया आफ्नो जिविकाको लागि गुप्त स्थानमा गएका थिए। ठिक त्यहि चित्रण हो पृथ्वीमा इन्साफ प्रहार गर्नुभन्दा अगाडि मण्डली बोलाई सकेको हुन्छ, दुलहिलाई चुनिसकेको हुन्छ, र इन्साफले प्रहार गर्नुभन्दा अगाडि प्रतिक्षा गरिरहेकि हुन्छिन्। पहिले नै पर्खिरहेकि छिन्, परमेश्वरको भोजन खाईरहेकि छिन्, परमेश्वरको आशिषहरुमा रमाईरहेकि छिन्। कुनै पनि मानिस जो आफ्नो सद्बुद्धिमा छ उसले जानेको छ कि हामी सिधै गईरहेका छौ, हामी ठिक इन्साफको घडि तिर छौ।

97 हेर्नुस! भाई ब्यांक्स, तपाईहरु धेरैजना पुरुषहरु जो यहाँ हुनुहुन्छ आज राति, त्यहाँ त्यस बिहानीमा डाँडामा उभिनुभएको थियो।

98 अर्को आईतबारको बिहानीमा, प्रभुको इच्छा भए म त्यो डाँडाको बारेमा भन्न चाहन्छु। त्यस विषयमा एउटा महान् प्रकाश पाएको छु, यो कुरा तपाईहरुलाई नभनिकन आज रातीभन्दा बढि अरु दिनलाई पर्खिन म मुस्किलले सक्छु होला। तर म संग...बुझ्नुभयो? र यो केवल लगातार, हरेक समय एउटा कुरा पछि अर्को कुरा भईनै रहेको छ। बुझ्नुभयो? यो कहिल्यै घटित हुनबाट रोकिदैन, किनकि यो परमप्रभु यसो भन्नुहुन्छ भन्ने वचन हो।

99 तपाईहरु प्रत्येकजना यहाँ, टेपमा हजारौ गुना हजारौ व्यक्तिहरुले मैले खडा भएर यो भनेको सुन्नुभएको छ, “परमप्रभु यसो भन्नुहुन्छ, यो *यस्तो* हुनेछ, *त्यस्तो* हुनेछ।” र यहाँसम्म कि पत्रपत्रिका र खबर दिने समाचारहरुले समेत मेरा यी कुराहरुलाई घोषणा गर्नुपरेको छ। तिनीहरु

जान्दैनन् यो के हो भनि तिनीहरुले देखेका छन्। तिनीहरुलाई थाहा छैन यो के हो भनि, तर यी सबै वचन सत्य भएको तिनीहरुले देखेका छन्।

100 हामी यहाँ तल नदिमा उभिईरहेका थियौ, त्यो दिन परमप्रभुको स्वर्गदुत तल आउनुभएको थियो, वा त्यो १९३३मा थियो, उहा तल आउनुभयो र ती कुराहरु बोल्नुभयो जुन उहाले पुरा गर्नुभएको थियो। त्यहाँबाट हिडेम र त्यहाँ धेरैजना व्यक्तिहरु थियो त्यो नदिको किनारमा र तिनीहरुले सोधे, “त्यसको अर्थ के हो, बिल्ली?”

101 मैले भने, “त्यो मेरो लागि थिएन; त्यो तपाईको लागि हो। म त्यो विश्वास गर्छु तर तिमीले गर्दैनौ।” र त्यसरीनै हिडिरहे।

102 त्यसपछि पाष्टरले मलाई भन्नुभयो, उहाले भन्नुभयो, “तिम्रो मतलव तिमी, जो सात कक्षाको पढाई भएको व्यक्ति, तिमी चाहि सारा संसारभरी जान्छौ र भूपतिहरु र महाराजा र राजाहरु र त्यस्तै व्यक्तिहरुलाई प्रार्थना गर्छौ?” र भन्यो, “यसलाई बिर्सिदेऊ।”

103 मैले त्यो भुल्नै सक्दिन, त्यो मेरो हृदयमा खोपेको झैं गरी बसेको थियो। अब यहाँ, तेत्तिस वर्ष पश्चात, प्रत्येक कुरा जुन उहाले भन्नुभएको थियो त्यो कुरा सिद्धरुप ठिक उहाले भन्नुभए जस्तै गरि पुरा भएको छ। उहा परमेश्वर हुनुहुन्छ र कहिल्यै असफल हुनसक्नुहुन्न। उहाले सधै आफ्नो वचनलाई पुरा गर्नुहुन्छ। उहा...उहालाई कहिल्यै पनि सङ्का नगर्नुस्।

104 अब, ध्यान दिनुहोस्, उनी परमेश्वरको योजना अनुसार भित्र गए (उहाको पुर्वाज्ञान अनुसार), परमेश्वरको बोलावटमा गए, र उनी त्यहाँ अनिकाल आउनुभन्दा अगाडि गए।

अब, हामी जान्दछौकि इन्साफ प्रहार हुनलाई तयार भएको थियो।

105 त्यो दिन डाँडामा उभिरहदा, भाई ब्यंक्स वूड खडा हुनुहुन्छ यहाँ, हामी त्यहाँ माथि डाँडासम्म हिड्दै गएका थियौ। मलाई लाग्छ मैले फेरी पनि यसलाई उद्धृत गरेको छु, ताकि यसले प्रार्थनाको लाईनमा तपाईहरुको विश्वासलाई बढाएको होस् जुन यो पछि पन्ध्र मिनेटमा हुनलागेको छ। म भाई ब्यांक्सभन्दा मात्र केहि अगाडि हिडिरहेको थिए। उहा...मलाई लाग्छ उहाले बहिनी रुबिलाई बिरामी हुदा छोडेर आउनुभएको थियो। र उहा मेरो पछाडि आउदै हुनुहुन्थ्यो, मैले उहाको अनुहारलाई ध्यान दिएको थिए, रातो भएको थियो। मैले पछाडि फर्केर हेरे। मैले सोचेको थिए कि उहालाई माथी चढ्नको लागि त्यो पहाड अलिकति कठिन भएको थियो, त्यसैले

म विस्तारै हिड्न थालेको थिए। ठिक त्यहाँ उजाड ठाउमा, ठिक *त्यस्तो* ठाडो उकालो थियो, ठिक त्यहाँ परमप्रभुको स्वर्गदुत देखा पर्नुभएको थियो। र त्यसबेला हामी ठिक त्यहि दिशातर्फ हिड्दै थियौ, जहाँ तिनीहरु केहि महिना पहिले ठिक त्यहाँ देखा परेका थिए।

106 र जसै म माथी डाँडामा पुगे, परमेश्वरको आत्मा...जब म पछाडि पफर्के, माथी डाँडाको टुप्पोमा हेरे, उहाले भन्नुभयो, "त्यो पत्थर उठाउ र उसलाई भन, 'परमप्रभु यसो भन्नुहुन्छ, तिमीले परमेश्वरको महिमा केहि घण्टापछि नै देख्न जादैछौ।'"

107 मैले त्यो पत्थर उठाए, र भने, "भाई ब्यांक्स, मलाई थाहा छैन किन," मैले हावामा त्यो फाले, र मैले भने, "परमप्रभु यसो भन्नुहुन्छ, तपाईले परमेश्वरको महिमा देख्न जादै हुनुहुन्छ।"

उहाले भन्नुभयो, "त्यसको अर्थ रुबि हो?"

108 मैले भने, "होइन, मलाई लाग्दैन कि यो तपाई, ब्यांक्स वा रुबिसंग केहि सम्बन्धित छ भनि, तपाई कसैलाई पनि होइन। मैले केवल सोचेकि त्यो एउटा भनाई मात्रै थियो, 'परमप्रभु यसो भन्नुहुन्छ, केहि कुरा हुनेवाला छ।'"

109 र अर्को विहानीमा जब हामी त्यहाँ उभिरहेका थियौ, धेरै जस्तो व्यक्तिहरु, मलाई थाहा छैन कतिजना यहाँ बसिरहेको हुनुहुन्छ अहिले, त्यहाँ चाहि बाह्र वा चौध, पन्ध्र जना जति हामी त्यहाँ बसिरहेका थियौ। एक्कासी एउटा सेवक म कहाँ आउनुभयो र उहाले भन्नुभयो, "भाई ब्रन्हाम," उहाले भन्नुभयो, "मेरो नाम चाहि *यो– यो* हो।" भन्नुभयो, "म तपाईको क्यालिफोर्नियाको प्रयोजकहरु मध्ये एक हुँ।"

110 मैले भने, "तपाईलाई भेट्न पाउदा म एकदम खुसी छु, श्रीमान्।" डग्लस मिक्ह्युगस्। उहाले भन्नुभयो, "म..." मैले भने, "तपाईलाई भेट्दा खुसी लाग्यो।" र उहासंग हात मिलाए।

111 उहाले भन्नुभयो, "अँ, अहिले, तपाईलाई म एउटा प्रश्न सोध्न चाहन्छु।" भन्नुभयो...रोय रोबर्सन, यहाँको कोषाध्यक्ष; भाई वूड, टेरी र बिल्ली, र ओ, भाई मिक एनल्ली, र मलाई थाहा छैन अरु को को त्यहाँ उपस्थित हुनुहुन्थ्यो। र मैले...उहाले भन्नुभयो, "म केहि सोध्न चाहन्छु?" उहाले भन्नुभो, "के प्रभुले तपाईलाई कहिल्यै यसरी दर्शन दिनुहुन्छ?"

112 मैले भने, "हो, भाई, तर म यहाँ त्यस्तो कुराबाट निस्किनको लागि चाहि आएको हुँ, विश्राम लिनको लागि आएको हुँ।"

र मैले चारैतिर *यसरी* हेरे र मैले भारी चिकित्सकले उनलाई हेरिरहेको देखे, भन्नुभयो, "रेभ. मिकह्युगस्, यो तपाईको आँखाको एलर्जीले तपाईको आँखालाई छिटै अन्धो बनाईदिन्छ। मैले तपाईलाई दुइ वर्षसम्म चिकित्सकको रूपमा जाचे, र मैले यस विषयमा केहि पनि गर्न सक्दिन।"

र म उहा तर्फ फर्किए। मैले भने, "जे कुरा तपाईले मलाई सोध्नुभएको थियो त्यो कुरा तपाईको चिकित्सकले तपाईलाई कुनै दिन भनिसकेको रहेछ, 'एलर्जी तपाईको आँखामा छ।'" त्यो मध्य दिउसोको समयमा थियो, लगभग एघार बजे थियो, र उहाले घामबाट बच्ने चस्मा लगाई रहनुभएको थियो। मैले भने, "कारण, तपाईले यो यसकारणले लगाउनुभएन किनकि यो घाम थियो, यो किनकि तपाईको आँखाको कारणले थियो। उहाले तपाईलाई भन्नुभएको थियो कि तपाईले त्यो आँखा गुमाउदै हुनुहुन्छ भनि।"

र उहा रुनथाल्नुभयो, र भन्यो, "हो त्यो सहि हो।"

113 र म फेरी हिड्नको लागि फेरी फर्किए, मेरो हातमा एउटा खन्ने सामान थियो। र मैले हेरे; मैले उहालाई मलाई नै हेरिरहेको देखे, उहाको आँखा उज्यालो भएजत्ति कै थियो। मैले भने, "तर परमप्रभु यसो भन्नुहुन्छ, तपाईले त्यो आँखा गुमाउनुहुने छैन।" म उहासंगै यो पतझरको याममा संगै सिकार गर्न गएको थियो, उहाले म र यहाँको भिडमा भएको जो कोहि भन्दा राम्रो देख्नुहुन्छ। उहाले कहिल्यै...

114 र मैले बृद्धा आईमाईले आफ्नो सुरुवाललाई तल झारेको र स्कर्टको एउटा भाग माथि सारेको देखे। उनले भनिन्, "छोरा, यदि तिमीले भाई ब्रन्हामलाई देख्यौ भने, उहालाई मेरो खुट्टाको निम्ति प्रार्थना गरिदिनु भन्नु है।" र मैले त्यहाँ तल हेरे, र सानो...यस्तो देखिन्थ्यो कि त्यो सानो ट्युमर उहाको खुट्टाको वरपर थियो।

115 मैले भने, "तपाईको आमा, कपाल फुलेको छ स्त्री हुनुहुन्छ। 'मेरो छोरा,' तपाईले देख्नुभयो। उहाले तपाईलाई तपाई निस्किनुभन्दा अगाडि भन्नुभएको थियो कि, यदि तिमीले भाई ब्रन्हामलाई देख्यौ भने मेरो खुट्टाको लागि प्रार्थना गर्न लागाउनु। उहालाई सानो ट्युमर भएको छ, जुन उहाको खुट्टाको वरपर आएको छ।" उ झन्डै वेहोस नै भए।

भन्यो, "यो सत्य हो।"

मैले भने, “उहालाई भन्नु कि कुनै चिन्ता लिनुपर्दैन। यो सबै ठिक हुनेछ।”

116 म चारैतिर हिड्न शुरू गरे। त्यसपछि मैले परमेश्वरले बोल्नु भएको आवाज सुने, यसो भनेको सुने, “त्यो बाटोबाट तुरुन्तै निस्की।”

रोय रोबर्सन त्यहाँ उभिरहनुभएको थियो, यो जानेर कि उहा युद्धको भूपू योद्धा हुनुहुन्थ्यो, मैले उहाको काँधमा आफ्नो हात राखे, मैले भने, “भाई रोय, तपाई लुक्नुस्, जत्ति हुन्छ छिट्टो लुक्नुहोस्।”

उहाले भन्नुभयो, “के भयो र?”

मैले भने, “यो बाटोबाट निस्किनुस्! लुक्नुस्!”

117 र केवल त्यहाँबाट वरपर हिड्न शुरू गर्यौं, मेरो खन्ने सामान तल भुइमा राखे, पछाडि फर्किए, मेरो हात निकाले। र यहाँनिर आयो, परमेश्वरको महिमा बतासे भुमरीको रूपमा जसले डाँडाको केहिभाग यसरी चिरेर ल्यायो, र ठुलो विस्फोट र त्यो ठाउलाई त्यसरी कम्पन गराउदै आयो, रुखको भाडीको टुप्पो काट्यो; लगभग मेरो शिरबाट तिन वा चार, वा पाँच फिट माथि थियो। र पछाडि गयो एउटा नालीको रूपमा त्यसरी गयो, त्यो फेरी विस्फोट भयो। र, यो यसरी तिन पटक आयो।

118 त्यसपछि जब त्यसले तेस्रो चोटिमा छोडेर गयो, भाई ब्यांक्स आउनुभयो, र भन्नुभयो, “त्यहि नै हो जसको बारेमा तपाई भन्दै हुनुहुन्थ्यो?”

मैले भने, “हो।”

उहाले भन्नुभयो, “यो के थियो?”

119 मैले भने, “परमेश्वर बतासे भुमरीमा भएर देखा पर्नुभएको हो।” मलाई थाहा थिएन कि उहाले यो कुरा मानिसहरुमा भनेको चाहनु हुन्थ्यो वा हुदैनथ्यो।

120 त्यसपछि म गए र थोरै प्रार्थना गरे। त्यसपछि उहाले मलाई भन्नुभयो कि मैले यो कुरा अरुलाई भन्न सक्छु भनि। मैले भने, “यो पश्चिमी तटमा इन्साफले प्रहार गरेको हो।” त्यो भागलाई आज हेर्नुहोस्! त्यहाँ हेर्नुहोस् त्यो भएको केहि घण्टा पछि: अलास्का पुरै डुब्यो। र अहिले सबै कुरा तल गईरहेको छ। हामी इन्साफमा प्रवेश गर्दैछौ। अनुग्रह विलय हुदै जादैछ।

121 तर परमेश्वरलाई धन्यवाद होस्, हामीले गुप्तको भोजन पाएकाछौ, आत्मिक खाना, कि हामी यी अन्तिम दिनहरुमा येशू ख्रीष्टको प्रकाशको भलाई र अनुग्रहमा जिईरहेका छौ, उहाले आफैलाई आफ्ना मानिसहरुका माँझमा प्रमाणित गर्दै हुनुहुन्छ। आमेन! तिनीहरु भित्र गएका थिए। एलिया अनिकाल आउनुभन्दा अगाडि भित्र गए। परमेश्वरलाई धन्यवाद होस् कि इन्साफ आउनुभन्दा अगाडि भित्र भएकोमा। अहिले नै समय हो बाहिर निस्केर भित्र पस्ने समय, ती संस्थाहरुबाट निस्केर ख्रीष्टभित्र पस्ने, बाहिर निस्केर भित्र पस्ने समय हो सबै विश्वासीहरु को निम्ति।

122 तब उसलाई बोलाईयो, र त्यहाँ भित्र उनी बसे। याद गर्नुहोस्, परमेश्वरले नबोलाएसम्म उसले कहिल्यै पनि त्यो नदि छोडेनन्।

123 र त्यो अनिकाल पछि जब त्यो समय सिद्धिन लाग्यो, उहाले उसलाई त्यहाँ बोलाउनुभयो, तल एउटा विधुवाको घरमा बोलाउनुभयो। ध्यान दिनुहोस्, उसले त्यस विधुवालाई बोलाए। र यो विधुवाले आफैलाई ती अविश्वासीहरु संग अलग्याएकि थिईन्; उनले अनिकालको समयमा पशुको छाप लगाउनबाट आफुलाई छुट्याएकि थिईन्। त्यसैले उहाले उनलाई बाहिर बोलाउनुभयो...एलियालाई विधुवाको खुवाउनको निम्ति बोलाउनुभयो। तिनीहरुसंग मात्रै एउटा सानो रोटि थियो, त्यहि रोटिमा नै उनीहरु भर परेकी थिए। र एलिया आए र भने, "पहिले, त्यो रोटि मलाई देऊ, किनभने परमप्रभु यसो भन्नुहुन्छ, देशमा परमप्रभुले पानी नपठाउन्जेल भाँडाको पिठो सिद्धिनेछैन र ढुङ्ग्रोको तेल रित्तिनेछैन।" परमेश्वरलाई पहिलोमा राखेर उनको शब्द शुरू भयो!

124 ध्यान दिनुहोस्, जत्ति पनि समयमा उनी त्यहाँ लिन जान्थे त्यहाँ भाँडामा पिठो थियो, प्रत्येक समयमा त्यहाँ ढुङ्ग्रोमा तेल थियो। किन? पिठोले ख्रीष्टको अन्न बलिको भेटिको प्रतिक गर्थ्यो। त्यो आँटा ठिक त्यसरी राखिनु पर्थ्यो ताकि त्यो पुराको पुरा पिसिन सकोस्। यो भोजनको प्रत्येक आँटा एउटै हुन्थ्यो जसले येशू हिजो, आज सधैभरी एक समान हुनुहुन्छ भन्ने प्रतिक गर्छ। त्यो नै वचन थियो, जीवनको रोटिको रूपमा संदेश थियो, जसले वचनलाई प्रमाणित गर्दै थियो।

125 त्यस्तै नै आज छ मित्रहरु। त्यस्तैनै छ आज पनि, त्यो जीवनको रोटि जसबाट उहाको छोराछोरीले खान्छन्, त्यसले परमेश्वरको संदेशलाई पछ्याउछ, र त्यसले तिनीहरुलाई अनिकालको समयमा खाना राखिदिन्छ।

के हुन्छ यदि उहा आज हाम्रो माँझमा उपस्थित हुनुभो भने? के हुन्छ यदि अहिले उहा हाम्रो माझमा उपस्थित हुनुभयो भने? उहाले ठिक त्यहि नै व्यवहार गर्नुहुन्छ जुन उहाले ती दिनहरुमा गर्नुभएको थियो जब उहा पृथ्वीमा शरीरमा हुनुहुन्थ्यो। दुलहि श्रीमानको हिस्सा हो, मण्डली पनि ख्रीष्ट जस्तै नै हो। "ती कामहरु जुन मैले गरे तिमीहरुले पनि गर्नेछौ।" र यो वचन थियो जसले त्यसो गरेको थियो। उहाले हामीलाई भन्नुभएको छ कि ती कामहरु जुन उहाले गर्नुभयो त्यो हामीले पनि गर्नेछौ।

126 हामीले यहाँ फेरी देख्नसक्छौ, यदि वचन हामीमा छ र हामीमा आएको छ भने, जसरी वचन एलिया कहाँ त्यस दिनमा आएको थियो, त्यसले उहि काम गर्नेछ जुन एलियाले त्यो दिनमा काम गरेका थिए, उहाले ती गुप्तका रहस्यका कुराहरु खुवाउनुहुनेछ जुन संसारबाट लुकेको छ। ओ! फेरी पनि, यसले संदेश र संदेशवाहकलाई एउटै बनाउएको छ। त्यो आत्मिक खाना तयार छ, यहि नै त्यसको ऋतुको समय हो। र यदि तपाईले चाहनुहुन्छ भने तपाई हरेकले यो भोजन खान सक्नुहुन्छ, यदि तपाईले यस घडिको अविश्वासबाट सबै चोरेर लान चाहनुहुन्छ भने, यदि तपाई ख्रीष्टमा आउन तयार हुनुहुन्छ भने, उहाको प्रतिज्ञामा आउनुहोस्।

र उहाको प्रतिज्ञा सम्झनुहुन्छ भने, त्यो मलाकि ४, लुका १७:३०, र सन्त यूहन्ना १४:१२, र अझै कति धेरै पदहरुले भन्छ, वा योएल २:३८, र सबै कुरा जुन उहाले गर्नुहुनेछ वा २:२८, जबकि, जुन उहाले यी कामहरु यी अन्तिम दिनहरुमा गर्नुहुनेछ। कसरी अगमवक्ताले भनेका थिए कि यो अन्तिम दिनहरुमा उज्यालो हुनेछ, कसरी यसले काम गर्नेछ, यसले के गर्नेछ, सबै धर्मशास्त्रका पदहरुले यहि अन्तिम दिनहरुलाई तोकेको छ। र त्यो ख्रीष्ट हुनुहुन्छ! यदि तपाई अहिले उहामा लुक्न सक्नुभयो भने, त्यो गुप्त स्थानमा, तपाईले भोजन खान सक्नुहुन्छ र परमेश्वरको भलाई र अनुग्रह देख्नसक्नुहुनेछ। यदि तपाई बिरामी हुनुहुन्छ भने त्यहाँ चंगाई छ।

127 तपाईलाई याद छ पछि गएर जब एलिशालाई तल बोलाईको थियो... त्यो अन्नबलि उनले गरिसके पछि, जो ख्रीष्ट हुनुहुन्छ, र बिधुवाको घरलाई उनले त्यसैद्वारा अनि खाना जुटाएका थिए। ध्यान दिनुहोस् पछि जब उनले स्वर्गबाट आगो झारेका थिए, र आदि इत्यादि गरेका थिए, र उनी परमेश्वरद्वारा पठाईएका अगमवक्ताको आत्मा हुन् भनि प्रमाणित गरेका थिए।

128 ध्यान दिनुहोस् त्यो उजाडस्थानमा, जब उनी त्यो अम्रिमको रुखमुनि थिए, एउटा स्वर्गदुत त्यस्तै किसिमको भोजन सहित तल आउछन्, र केहि रोटि तयार पारेर उनलाई खुवाउछन्। र केहि समयपछि फेरी उहाले तिनलाई फेरी निन्द्रामा पारिदिनुभयो, र तिनलाई उठाउनुभयो, तिनको लागि त्यहाँ अझै केहि तातो भुंग्रोमा पोलेको रोटि उहाले राखिदिनुभयो। र तिनी त्यहि रोटिको बलले चालिसदिन सम्म बसे। परमेश्वरको महिमा भएको होस्! उहा हिजो, आज सधैभरी एक समान हुनुहुन्छ। ओ, हामी उहालाई कति प्रेम गर्छौं, ठिक समयमा आत्मिक भोजन हो।

129 "आफ्नो छोराछोरीको रोटि लिएर कुकुरलाई दिदिन।" के येशूले त्यहि कुरा कनानी स्त्रीलाई भन्नुभएको होइन र? उहा उहाको आफ्नाहरुको निम्ति पठाईनु भएको थियो। त्यो सहि हो। र तिनीहरुको नै निम्ति उहा आउनुभयो...उहा कहिल्यै पनि अन्यजातिहरु कहाँ जानुभएन।

130 र अब आज उहा अन्यजातिहरुको समयमा तिनीहरुकहाँ आउनुहुन्छ, र त्यो भेट होइन...

131 तपाईले भन्नुहुन्छ, "किन यो संदेश ती महान् ठूला ठाउहरुमा जादैन, त्यो ठूला सभाहरुमा, जस्तो कि नामधारी संगठित मण्डलीहरुमा?"

132 यो तिनीहरुको भोजन होइन। यो मण्डली भनाउदोको भोजन होइन। यो त दुलहि को भोजन हो। यो त सहि समयमा आत्मिक भोजन हो। यसले तिनीहरुलाई पेटमा बिमार बनाउछ। यो तिनीहरुको लागि अत्यन्त महँगो छ। बुझ्नुभयो? बुझ्नुभयो? तपाईले त्यो गर्न सक्नुहुन्न। तर, उहाको छोराछोरीको लागि, यो रोटि हो, यो जीवन हो, यो येशू ख्रीष्ट हिजो, आज सधैभरी एक समान हुनुहुन्छ।

133 हामी अब धेरै ढिला हुनलागेका छौ यदि हामीले अब प्रार्थनाको लाई शुरू गरेनौ भने, त्यसैले आउनुहोस् मात्र केहि क्षणको लागि हाम्रो शिरहरु निहुराऔ।

134 प्रिय परमेश्वर, यो सहि समयको भोजन हो, आत्मिक भोजन हो। केहि त्यस्तो कुरा जुन विषयमा संसारले केहि जान्दैन। हामीले सुनेका छौ हाम्रो प्रभुले त्यो रातमा भन्नुभएको थियो, वा त्यो दिन तल समरियामा भन्नुभयो, त्यहि ठाउ जहाँ एलिया हिडेका थिए र आएर भनेका थिए, "किन, मैले नभनेसम्म कुनै शित पनि झर्ने छैन।" यहाँ येशू उभिनुभयो र उहाको चेलाहरुलाई भन्नुभयो।

तिनीहरुले भने, “गुरुज्यू, तपाई किन खाना खानु हुन्न?”

उहाले भन्नुभयो, “मसित खानलाई भोजन छ जुन तिमीहरुलाई थाहा छैन।”

135 साच्चैनै, प्रभु, उहाको खाना परमेश्वरको इच्छा पुरा गर्नु हो, उहाको काम यो घडिमा प्रकट भएको हेर्नु हो। उहा त्यो कार्य पुरा भएको हेर्नलाई त्यहाँ हुनुहुन्थ्यो। “पिताले मलाई पहिले नदेखाएसम्म म केहि गर्दिन। पिताले मलाई जे देखाउनुहुन्छ म त्यो गर्छु।”

136 र, पिता, त्यस्तै नै आज छ। मण्डली, सत्य विश्वासी, विश्वासीहरुको शरीरले त्यो भोजन पाउन सक्छ, त्यो आत्मिक भोजन, जुन चाहि देखावटी विश्वासीलाई थाहा छैन। पिता, संसारलाई यो भोजनको बारेमा केहि पनि थाहा छैन। तर तपाइको मण्डली, तपाईका मानिसहरु, तपाईको पुत्रको दुलहिले यसलाई प्रेम गर्छ।

137 जब चिकित्सक असफल हुन्छन् हामीसंग हाम्रा शरीरका चंगाईको पहुँच हुन्छन्। हामीसंग यसको पहुँच छ। यो परमेश्वरको खानाहरुमध्य को खाना हो, जुन उहाले उहाको मण्डलीलाई दिनुभयो, र यहि भोजन उहालाई विश्वास गर्ने छोराछोरीहरुको निम्ति प्रतिज्ञा गर्नुभयो। पिता हामीलाई विश्वास गरिरहने छोराछोरी बन्नको निम्ति सहायता गर्नुहोस्, किनकि विश्वास गर्नेहरुको निम्ति सबैथोक सम्भव छ। यो प्रदान गर्नुहोस्, प्रिय परमेश्वर। हामी यो माग्दछौ येशूको नाउमा। आमेन।

138 म विश्वास गर्छु कि बिल्लीले मलाई भनेको थियो कि तिनीहरुले प्रार्थनाको कार्डहरु बाडिसकेका छन्। यदि कसैले त्यो प्रार्थनको कार्डमा भएको पत्र भनिदिनुभए, मलाई त्यति भए पुग्छ। [कसैले भन्नुहुन्छ, “सी”—सम्पा] सी, ठिक छ, आउनुहोस् सीलाई हामी लिऔ, एउटा, त्यसबाट शुरू गरौ, तबसम्म हाम्रो लाईन शुरू हुदैन। बुझ्नुभयो, अब, तिनीहरु जतातत‌ै हुनुहुन्छ होला। अब यदि सबैजना...ठिक छ, हेर्नुहोस्, म यो गर्न खोजेर हेर्छु। मलाई थाहा छैन कतै हामीले यो गर्नसक्छौ या सक्दैनौ। वा या त हामीले लाईनलाई बोलाएर पनि गर्न सक्छौ; तपाईहरु चाहि स्थिर बस्नुहोला। मलाई केहि समस्या छैन यो गर्नमा। यदि तपाई यहि माथि मंचमा आउनुहुन्छ वा लाईन बोलाएर गरेको चाहनुहुन्छ, मलाई त्यसमा केहि समस्या छैन तर हामीले दुइटामा एउटा गर्नपर्ने हुन्छ। म केवल पूर्णरुपमा

पवित्र आत्मामा भर गर्दछु। म उहाको भरोसामा छु कि मैले प्रचार गरेको कुरालाई उहाले प्रतिरक्षा गर्नुहुनेछ।

139 भाई जोर्ज राईट, म यो विश्वास गर्छु। बच्चा समय देखिनै, तपाईको घरमा धेरै वर्ष अगाडि आउदा देखि नै त्यो रुखमा आएको चक्रवातलाई सुने देखि नै म यो विश्वास गर्छु, र आज पनि म त्यहि संदेश विश्वास गर्छु। म विश्वास गर्छु कि यो उहि संदेश हो।

140 ठिक छ, म देख्दैछु कि तिनीहरुले यहाँ पछाडि प्रार्थनाको पंक्तिको लागि तयार गर्दैछन्। ठिक छ, प्रार्थनाको कार्ड सी, अंक एक, दुइ, तिन, चार, पाँच, पहिला आउनुहोस् र यहाँ उभिनुहोस्। यदि तपाई उठ्न सक्नुहुन्न भने, तपाईले बसेको ठाउबाट आफ्नो हात उठाउनुहोस्, कोहि आएर तपाईलाई यहाँ ल्याउन सहायता गर्नेछ। [कसैले भाई ब्रन्हाम संग कुरा गर्छन्—सम्पा] त्यो के हो? हो। अँ–अँ। प्रार्थनाको कार्ड सी, एक, दुइ, तिन, चार, पाँच। र अब ध्यान दिनुहोस्, तपाईहरु जो संग प्रार्थनाको कार्ड छैन...

141 अब, धेरै समय देखि यस्तो खालको प्रार्थनाको पंक्ति मैले गरेको थिईन, धेरै समय भैसक्यो। तपाईहरु कतिजनाले मेरो मलाई परमेश्वरले दिनुभएको आज्ञा याद गर्नुभएको छ त्यो दिन जब हामीले यो मण्डली यहा बनाउदै थियौ? उहाले भन्नुभयो, "प्रचारकको काम गर।" म प्रचारक थिए कहिल्यै भनेको थिईन। भन्नुभयो, "प्रचारकको कार्य गर।" बुझ्नुभयो, "किनकि समय आउने छ जब यो परिवर्तन हुनेछ।" त्यो समय आउदै गरेको छ। ठिक छ। अब, यसमा, उहा...

142 तपाईले कुनै पनि भिन्न सेवकाईलाई संगै मिसाउन सक्नुहुन्न, पाष्टर र प्रचारक एउटै समयमा हुनसक्नुहुन्न। तपाई अगमवक्ता र पाष्टर एकै समयमा बन्न सक्नुहुन्न, बुझ्नुभयो, 'किनकि तपाईको फरक कार्यहरु हुन्छ, र अलग सेवकाई हुन्छ।

143 तर प्रभुले मलाई मैले संदेशमा के गर्नुपर्ने त्यहि कार्य दिनुभएको छ। तर तब उहाले भन्नुभयो, "प्रचारकको काम गर, तिम्रो सेवकाईलाई पुरा प्रमाणित गर, किनकि त्यो समय आउनेछ जब तिनीहरुले साचो सिद्धान्तलाई सहने छैनन्।" यदि त्यो अहिले आएको छैन भने! प्रत्येक नामधारी संस्थाले मलाई तल झारेको छ। तिनीहरुले सत्य वचनलाई सहन गर्नेछैनन्। "तर तिनीहरुले आफ्नै इच्छामा आफ्नो लागि शिक्षकहरु ल्याउनेछन्, र तिनीहरु दन्त्य कथाहरुलाई रुचाउनेछन्। र तिनीहरुले

याम्ब्रेस र यान्नेसले जस्तो महान् कुराहरुको नक्कल गर्नेछन् जस्तो तिनीहरुले मोसाको अगाडि गरेका थिए, तर तिनीहरुको मूर्खता चाहि प्रकट हुनेछ।" बुभ्नुभयो? बुभ्नुभयो? ठिक छ, नक्कल गर्नेछन्! तपाईले देख्नुभएको छ कसरी याम्ब्रेस...

144 र, स्वर्गको परमेश्वरले जान्नुहुन्छ, त्यो ठिक त्यो मण्डलीको कुनामा रहेको छ, त्यो पत्थरमा छ १९३३ देखिनै, त्यो बाईबलको पानामा लेखिएको छ, ठिक त्यहाँ निर राखिएको छ। हेर्नुहोस् कसरी तिनीहरुले गरे। हेर्नुहोस् के पुरा हुन आएको छ। ठिक त्यस्तै नै नक्कल गरिरहेको छ। उहाले भन्नुभएको थियो, "तिनीहरुको मूर्खता प्रकट गरिनेछ जस्तो त्यो याम्ब्रेस र यान्नेसको भएको थियो।" हामी ठिक त्यहि दिनहरुमा छौ।

145 मैले त्यो बेलाको मण्डली देखेको थिए जब हामीले कुनेढुङ्गो त्यहाँ राखेका थियौ, मानिसहरु त्यो दैलोमा थिए, ठिक यो मण्डलीको पर्खालनिर उभीरहेका थिए। त्यहाँ तपाई हुनुहुन्छ। तिनीहरुले भनेका थिए, जब त्यो माथि आयो, यो शहरका मानिसहरु यहाँ थिए, र भनेका थिए, "मात्रै छ महिना भित्र को दौरानमा..." हामीले मात्र एक डलर र अस्सी सेन्ट्सले एउटा मण्डली निर्माण गर्यौ, धेरैजना ग्यारेजका व्यक्तिहरुले यो सोचेका थिए कि यो ग्यारेज हुन जादैछ भनि। तर यो अझै पनि भेडाको लागि भेडाको भोजन खाने ठाउ हो।

146 एक, दुइ, तिन, पाँच, छ, सात, आठ, नौ, दस। सी, छ, सात, आठ, नौ, दस। ठिक छ।

147 अब, "म परमप्रभु त्यसमा निरन्तर पानी हाल्छु। म रातदिन त्यसमा देखरेख गर्छु, नत्रता कसैले त्यसलाई मेरो हातबाट टिप्न खोज्ला।" आलोचनालाई हेर्नुहोस्! कुनै पनि नामधारी मण्डलीले प्रतिरक्षा गर्दैनन्। देशभरि कुनै पनि ठाउमा यहाँको जस्तो मण्डली छैन। कुनै पेन्टिकोष्ट छैन र कुनै त्यस्तो कुरा छैन जसले आत्मिक भोजन खुवाउछ। सबैजना पानीको बप्तिष्माको विरुद्धमा छन्, सबैजना यी अरु कुराको विरुद्धमा छन्। यहाँसम्म कि मेरै परिवार समेत विरुद्धमा छन्, मेरो आफ्नै बुवाले आफ्नो ढोकाबाट मलाई दूर गर्नुभयो, मैले मेरो कपडाहरु सानो बोरामा राखेर न्यु अल्बानी भन्ने ठाउमा बस्न आए। ठिक हो।

तर धेरै खतराहरुबाट भएर, जाल र पासोहरुबाट भएर
म आईरहेको छु;
त्यो अनुग्रह जसले मलाई यति टाढासम्म सुरक्षित
ल्याएको छ,

म छपन्न वर्षको भए, र छिट्टैनै मैले नदि पार गर्नुपर्छ।

अनुग्रहले मलाई निरन्तर लगिनै रहनेछ।

जब म त्यहाँ दस हजार वर्षको लागि हुनेछु,
चम्किलो सूर्य जस्तै;
हामी संग परमेश्वरको प्रशंशा गाउनको निम्ति
पहिलो पटक शुरू गर्दा खेरी भन्दा कम हुनेछैन।

ओ, म येशूलाई कति माया गर्छु! उहानै मेरो लागि सबै संसार हो।

148 ओ, ठिक छ, कति पटक मैले...कहाँ मैले छोडेको थिए, दसमा? के हामीले केहि बढि लिन सक्छौ? ठिक छ, त्यो के थियो दस, कि पन्ध्र? ठिक छ। सी को दस देखि पन्ध्रसम्म, तपाईहरु जहाँकहिँ पनि हुनुहुन्छ यदि तपाई खडा भई यहाँ भित्र आई दिनुहोला। के भन्नुभयो? ह? ठिक छ। सी, पन्ध्र देखि बिससम्म। त्यो सी नै हुन दिनुस्, पन्ध्र देखि बिस, त्यो दस जना केहि बढि मानिस हुनेछ। हामीले देख्छौ...तपाईले हेर्नुहोस्, हेर्नुहोस् कहाँनिर पंक्ति उभिरहेको छ, हामी भिडभाड भएको चाहदैनौ। र हामी... ठिक छ।

149 अब तपाईको अविभाजित ध्यान मलाई दिनुहोस्; हामी त्यहाँ धेरै लामो हुनेछैनौ। तर, अब, ओ, कति महत्वपूर्ण घडि छ! म—म चाहन्छु कि तपाईहरु प्रत्येकले प्रभुलाई प्रेम गर्न सकेको होस्। म इच्छा गर्छु कि हामी सबै त्यो बिन्दुमा आउन सकौ जहाँ हामीले यो बुझ्न सकेको होस् की यो मिनेटको कति शक्ति छ भनि। आउनुहोस् कोशिष गरौ। केवल मलाई तपाईको ध्यान दिनुहोस्।

150 हामीले यहाँ के गर्न खोज्दै छौ? हामीले परमेश्वरको वचन परिक्षामा भएर राखेका छौ। एलियाले पनि त्यहि कुरा गरेका थिए, उनी त्यहाँ डाँडामा गए जब उनले यो थाहा पाए कि उनलाई परमेश्वरले त्यो गर्नको निम्ति पठाउनुभएको हो। उनले भने, "अब परमेश्वर को हुनुहुन्छ भनि प्रमाणित गरौ, त्यो परमेश्वर जसले आगोबाट उत्तर दिनुहुन्छ उहा नै परमेश्वर हुनुहुन्छ।"

151 र अविश्वासीहरुले आफैलाई काटे, ओ, भने, "ठिक छ, निश्चय नै, कुनै..." ती अविश्वासीहरुलाई थाहा थियो कि आगो खस्ने छैन भनि त्यसैले तिनीहरु कराउथे र त्यस्तै नै गर्थे।

152 तर एलियालाई थाहा थियो कि त्यो आगो खस्ने वाला छ, किनकि उनले एउटा परमप्रभु बाटको दर्शन देखेका थिए।

तपाईले भन्नुहोला, "उसले एउटा दर्शन देखेका थिए?"

153 हो, श्रीमान्, जब उनले सबैकुरा क्रममा राखे, उनले भने, "प्रभु, मैले यी सबै कुरा तपाईको आज्ञामा गरे।" र त्यसपछि आगो बर्षिन थाल्यो। जब परमेश्वरको वचन पत्रमा राखिन्छ, तब त्यो परमेश्वरको जिम्मेवारी हो बाकि रहेको कुरा गर्ने। उहाले केवल तपाईलाई त्यहाँ राख्नको निम्ति भन्नुहुन्छ। र पक्का गर्नुहोस् कि तपाईलाई त्यहाँ राख्नको निम्ति बोलाएको छ भनि। बुझ्नुभयो? र यदि तपाई त्यसो गर्नुहुन्छ भने, बाकि कुराहरु उहाले गर्नुहुन्छ।

154 अब, यहाँ निरबाट मानिसहरु आउनेछन् जसको निम्ति म प्रार्थना गरिदिनेछु...अब, ठिक छ, अब तपाई ठिक पर्खाल निर आउन लाग्नुभयो, ठिक छ, अब पंक्ति शुरू गरम। अब, पहिलो, कमसेकम यहाँ भवनमा कतै, केहि मानिसहरु...

कतिजना यहाँ बिमार हुनुहुन्छ र प्रार्थना कार्ड चाहि छैन, तपाईहरुको हात उचाल्नुहोस्। देख्नुभयो, जतातत‍ै हुनुहुन्छ। अब, तपाई जान्नुहुन्छ यदि हाम्रो प्रभु...र म विश्वास गर्छु कि उहाले गर्नुहुनेछ, यदि उहा हिजो, आज. र सधैभरि एक समान हुनुहुन्छ। उहाले नै प्रार्थनको पंक्ति चलाउनुहुन्छ। मानिसहरु उहामा लामो पक्तिमा आउछन्, भिडमा आउछन्, उहाले तिनीहरुलाई छुनुहुन्छ, र आशिष दिनुहुन्छ। त्यसपछि कहिलेकाहि उहा रोक्किनुहुन्छ र भन्नुहुन्छ, "कसले मलाई छोयो?" चारैतिर हेर्नुहुन्छ, र एउटा स्त्रीलाई भन्नुहुन्छ के कुराको लागि उसले उहालाई छोयो; र भन्नुभयो तिम्रो रगतको समस्या निको भएको छ, उनको विश्वासले उसलाई निको पारेको छ।

155 के हुन्थ्यो यदि उ पछाडि फर्कि र भन्थ्यो, "ठिक छ, मलाई थाहा छैन प्रभु, यो मलाई लामो समय देखि भएको थियो?" त्यो निको हुने थिएन। होइन, त्यो हुनसक्ने थिएन। होइन।

156 के हुन्थ्यो यदि उहाले कनानी स्त्रीलाई भनेको भए, “किनभने तिमीले यी शब्द भनेको ले, तिम्री छोरी, तिम्रो छोरीबाट दुष्ट निक्लेर गएको छ,” के हुन्थ्यो यदि उसले यसो भनेको भए, “ठिक छ, अब, प्रभु, तपाईले *यो* तरिकामा गरेको म चाहन्थे?” त्यो दुष्ट अझै पनि त्यो केटिमा बसेको हुनेथियो। तर उनले केटिलाई त्यहि तरीकामा पाउने अपेक्षा गरिन् जुन तरीकामा उहाले केटि हुनेछ भन्नुभएको थियो।

157 अब, उहाले हामीलाई भन्नुभएको छ, “यदि तिमीले विश्वास गर्छौ! यदि तिमीले यो पहाडलाई ‘हटिजा’ भन्छौ र हृदयमा संका गर्दिनौ, तर तिमीले भनेको कुरा पुरा हुनआउने छ भनि विश्वास गर्छौ भने, त्यो हुनेछ। जब तपाईले प्रार्थना गर्नुहुन्छ, मैले यो पाएको छु भनि विश्वास गर्नुस्, त्यो तपाईलाई दिईनेछ।” कति महान् प्रतिज्ञा छ!

158 अब जुन मानिसले सामाजिक सुसमाचार प्रचार गर्छ त्यसले यो कुरा विश्वास गर्दैन। त्यो व्यक्ति ढोकासम्म आउछ, र हेर्छ, वा त्यहाँ उभिन्छ, र भन्छ, “अँ, फेरी अर्को पवित्र विश्वासी भनाउदाका झुण्डहरु आएछन्,” र त्यहाँबाट टाढा भाग्छ। बुझ्नुभयो? उसले यो जान्दैन कि यो लुकाईएको भोजन हो। उसले यो जान्दैन कि यो गुप्तको कुरा हो जुन उ बाट लुकाएर राखिएको छ। उसले यो जान्दैन। यो—यो—यो दयनिय छ, त्यो मन जुन अन्धो छ, दरिद्र छ, अन्धो छ, र त्यो तिनीहरु जान्दैनन् पनि। बुझ्नुभयो? त्यो खराब कुरा हो।

159 ओ परमेश्वर, बरु पहिले मलाई मर्न दिनुहोस्, तर मलाई कहिल्यै पनि त्यस्तो हुननदिनुहोस्। त्यसो गर्नुभन्दा बरु म मर्छु (हो श्रीमान्)। मलाई लाग्छ हामी प्रत्येक सबै त्यहि चाहन्छौ, होइन र?[सभाले भन्छन्, “आमेन।”—सम्पा]

160 तर, अब, परमेश्वरले हामीलाई यी कुराहरु अन्तिम दिनहरुमा प्रतिज्ञा गर्नुभएको छ। मलाकि ४ मा, भन्नुभयो येशू ख्रीष्ट स्वयम् तल आउनुहुनेछ र आफैलाई मानव शरीरमा सोदोममा जसरी आउनुहुनेछ। त्यो सहि हो। र भन्नुभयो कि संसार सोदोमको अवस्थामा हुनेछ। र भन्नुभयो, “जस्तो त्यो दिनमा भएको थियो, त्यो दिन मानिसको पुत्र प्रकट हुनेछ।” देख्नुभयो, यो मानिस जो तल आएको छ जो मानिसको रूपमा छ, जो “एलोहिम,” हुनुहुन्थ्यो अब्राहामको बेलामा, जो उसकहाँ प्रतिज्ञाको छोरो आउनुभन्दा अगि आउनुभएको थियो। हेर्नुहोस् त्यो को थियो, अब्राहामले उहालाई

परमेश्वर भन्नुभएको थियो। र बाईबलले भनेको थियो कि त्यहाँ उनीकहाँ तीनजना व्यक्तिहरु आएका थिए, तिनीहरुको लुगामा धुलो लागेको थियो, यात्रा गरेर आएका थिए, त्यहाँ उनीसंग बसे र मानिसले जस्तै गरी खाएका थिए। र येशूले भन्नुभयो, “जब संसार सोदोमको जस्तो स्थितिमा हुन्छ, तब मानिसको पुत्रले आफैलाई फेरी प्रकट गराउछ।” परमेश्वरको पुत्र होइन, तर मानिसको पुत्रले आफैलाई प्रकट गराउछ।

161 अब त्यसलाई अन्तिम अगमवक्ताले के भनेका छन् त्यो संग चिन्ह लगाउनुहोस्, “हेर, म तिमीहरुमा एलिया अगमवक्ता पठाउनेछु, र उनले छोराहरुको हृदयहरु पिताहरु तर्फ पुनर्स्थापित गर्नेछन्।” बुझ्नुभयो? एउटा संदेश जसद्वारा उनले तिनीहरुलाई बाईबलमा फर्काएर ल्याउनेछन्, र त्यसपछि मानिसको पुत्रले आफैलाई त्यो अन्तिम दिनमा प्रकट गर्नेछन्। र त्यो दिन अन्तिम मण्डलीको युगमा त्यो सातौ दुतले तुरहि फुक्नै लाग्दा परमेश्वरको रहस्यहरु खोलिनेछ त्यस दिनमा। सात मोहोरहरु तोडिनेछ। यी मण्डलीहरु र अन्य कुराहरू कसरी भए, र के हुन आउनेछ भन्ने कुराको रहस्यहरु खोलिनेछ।

162 देख्नुभयो, तिनीहरुले त्यो जान्दैनन्। येशूले भन्नुभयो, “तिमीहरु अन्धो फरिसीहरु हो!” भन्नुभयो, “यदि अन्धोले अन्धोलाई डोहोर्यायो भने दुवैजना खाडलमा खस्दैन र?” देख्नुभयो, त्यहि नै कारण हो कि ती मानिसहरुले त्यो देख्दैनन्।

163 त्यसको रहस्य नै ती मोहोरहरु हुन्, प्रत्येक मण्डलीहरुले संस्था बनाए र त्यसमा रहे, र त्यहि नै ती कुराहरु मध्ये गुप्त कुरा हो जुन परमेश्वरको अगाडि गलत गरीएको छ। तपाईले यसलाई देख्नुहुन्छ, डक्टर ली? बुझ्नुभयो, हेर्नुहोस्। यहि हो। त्यहि नै कुरा हो जुन त्यहाँ छ। त्यो ती रहस्यहरु मध्य एक हो। तिनीहरु संगठित भए र, हेर्नुहोस्, परमेश्वरको इच्छाबाट पूर्ण रूपमा बाहिर भए। र त्यो अन्तिम दिनहरुमा पर्दाफास गरिनेछ, र मानिसहरुलाई त्यो अन्तिम संदेशले डोहोर्याउनेछ, कुनै मानव निर्मित सिद्धान्तमा वा नामधारी मण्डलीमा होइन, तर फर्काएर परमेश्वरको सत्य वचनमा लानेछ। र त्यो सत्य वचन कुनै निश्चित मानिसहरुको समूहमा आउनेछ, र मानिसको पुत्रले आफैलाई ती मानिसहरुको विचमा प्रकट गर्नुहुनेछ, “आफैलाई हिजो, आज सधैभरी एक समानमा” प्रकट गर्नुहुनेछ।

164 ओ, प्रभु! ओ, म त्यो मन पराउछु। म—म उहामा घमण्ड गर्न मन पराउछु। मानिसहरुको अगाडि उहालाई ठूलो बनाउन म मन पराउछु। मैले उहालाई ठूलो बनाउनु पर्दैन; उहा आफै महान् हुनुहुन्छ। उहा यति उच्च हुनुहुन्छ कि तपाई उहासम्म पुग्नै सक्नुहुन्न, यति गहिरो हुनुहुन्छ कि तपाई त्यति मुनि पुग्नै सक्नुहुन्न, यति चौडाईमा हुनुहुन्छ कि तपाई उहाको चारैतिर पुग्नै सक्नुहुन्न, र तरै पनि उहाको निम्ति तपाईको हृदयमा कोठा छ। के तपाई उहालाई प्राप्त गर्नुहुन्न? कति अद्भूत हुनुहुन्छ हाम्रो प्रभु! ठिक छ।

165 अब आउनुहोस् हामी सबैजना साच्चैनै शान्त रहौ। अब, हामीले यसको बारेमा कुरा गरिसकेका छौ। र अब यसको कुरा चाहि, के यो साचो हो? अब, यहाँ कोहि अन्जान व्यक्तिहरु पनि हुनुहुन्छ होला। मैले यो भन्नसक्छु होला यदि...तपाईलाई, यदि ख्रीष्ट हिजो, आज र सधैभरी एकसमान हुनुहुन्छ भने उहाले अहिले यो क्षणमा के गर्नुहुनेछ? उहाले त्येहि गर्नुहुनेछ जुन उहाले पहिले गर्नुभएको थियो जब उहा यहा हुनुहुन्थ्यो। के यो सहि हो? मानिसहरुको विश्वासले उहाको वस्त्रलाई छुनेछ, र उहा फर्कनुहुनेछ। जस्तो उहाले त्यो इनारनिरको स्त्रीलाई गर्नुभएको थियो, र उहाले अरु ठाउहरुमा गर्नुभएको थियो, र तिनीहरुको विचार पढ्नुभएको थियो।

अब तपाईले भन्नुहुन्छ, “के उहाले मलाई निको पार्न सक्नुहुन्छ?”

166 उहाको वचनले भन्छ कि उहाले त्यो पहिले नै गरिसक्नुभयो। तर कुरा यो छ, कि उहा यहाँ हुनुहुन्छ भनि आफैलाई चिनाउनुभएको होस्।

167 अब, यदि उहा हामीकहाँ भौतिक शरीरमा देखा पर्नुभयो भने, उहा ठ्याक्कै हफ्मनको तस्बिरको *तेत्तिस वर्षको ख्रीष्टको शिर* जस्तै देखिनुभयो, र उहाको हातबाट रगत बगिरहेको, र त्यस्तै आदि, र उहाको शरीर भरि काँटीको दागहरु भएको रहेछ भने म त्यो स्वीकार गर्ने थिइन। होइन, होइन। होइन, होइन। जब उहा आफै आउनुहुन्छ, “प्रत्येक आँखाले देख्नेछ, प्रत्येक जिब्रोले उहालाई स्वीकार गर्नेछ; र जसरी बिजुली पूर्व देखि पश्चिमसम्म पुग्छ, त्यस्तै नै त्यो बेलामा हुनेछ।” बुझ्नुभयो? हामीले ती झुट सिद्धान्त विश्वास गर्दैनौ। हामी परमेश्वरनै वचन हुनुहुन्छ भनि विश्वास गर्छौं।

168 तर उहाले आफैलाई सम्मिलित गर्नुहुन्छ, तपाईको शरीर र मेरो शरीर, र वरदान उपहार दिनुहुन्छ, मलाई वरदान दिनुहुन्छ, र यी वरदानहरुबाट उहाले आफैलाई चिनाउनुहुन्छ। त्यो नै गुप्तको खाना हो। मबाट उहाले आफैलाई जतिसुकै चिनाए पनि तपाईले चिन्नको लागि तपाईमा विश्वास

हुनुपर्छ, तपाईसंग विश्वास गर्नको लागि विश्वासको वरदान हुनुहुपर्छ। तपाई त्यो विश्वास गर्नुहुन्छ? [सभाले भन्छन्, "आमेन।"—सम्पा] र यदि अब उहाले आफैलाई त्यस तरिकामा प्रकट गर्नुहुन्छ भने, के तपाई विश्वास गर्नुहुन्छ? ["आमेन।"] तपाईको पुरा हृदयले तपाई उहामा विश्वास गर्नुहुन्छ? ओ, कति अद्भूत हुनुहुन्छ, केवल उहालाई पर्खदैछु, केवल हेर्नको निम्ति पर्खिरहेको छु उहाले के भन्नुहुनेछ।

169 यहाँनिर एउटा मानिस उभिरहनुभएको छ। मैले जाने अनुसार मैले उहालाई आफ्नो जीवनमा कहिल्यै देखेको छुइन। हेर्दा एउटा ठिकै, बलियो र स्वस्थ व्यक्तिनै देखिनुहुन्छ, र सम्भावतः उहा त्यस्तै नै हुनुहुन्छ होला, म जान्दिन त्यो। तर उहा त्यहाँ उभिरहनुभएको छ। अब, म त्यहाँ गएर हात उहामाथि राख्नेछु र उहाको निम्ति प्रार्थना गर्नेछु, र सोध्नेछु यदि उहाले विश्वास गर्नुहुन्छ वा हुन्न। उहा यहाँ उभिन सक्नुहुन्छ र मलाई भन्नसक्नुहुन्छ, भन्नुहोस्, "म—म—म तपाई *यो-यो* कुराको निम्ति प्रार्थना गरेको चाहन्छु। र मेरो मुहार झरेको छ। मलाई लगातार टाउको दुख्छ। मेरो पेटमा अल्सर छ," वा केहि त्यस्तै होला। उहा—उहालाई, मलाई थाहा छैन। उहाले यी मध्ये जे पनि भन्नसक्नुहुन्छ।

170 म भन्नेछु, "ठिक छ, श्रीमान्, भाई। म तपाईमाथि हात राख्नेछु र तपाईको निम्ति प्रार्थना गर्नेछु।" त्यो सिद्धरुपमा सबै ठिक हुनेछ। ठिक त्यहि नै हामीले युगौ देखि गर्दै आएका छौ। के त्यो सहि हो?

171 तर, याद गर्नुहोस्, येशूले भन्नुभएको थियो कि यो उहाको आउने समयमा फरक हुनेछ, जस्तो सोदोमको दिनहरुमा भएको थियो। र एउटा मानिस आएको थियो, जसले आफ्नो ढाँड पाल पट्टि फर्काएको थियो जुन पट्टि सारा थिईन्, र उहाले भन्नुभयो, ("अब्राम" होइन अब) "अब्राहाम।"

172 हेर्नुहोस्, एकदिन अगाडि उ अब्राम थियो। तर उनले एउटा दर्शनलाई भेटे, र प्रभुले उनलाई भन्नुभयो, "म तेरो नाउ परिवर्तन गर्नेछु।"

173 र यहाँनिर प्रभु आफै हुनुहुन्थ्यो, एउटा मनिसको रूपमा, उनीसंग खादै र पिउदै हुनुहुन्थ्यो। भन्नुभयो, "अब्राहाम, तेरो पत्नी सारा कहाँ छिन्?" एस-ए-आर-ए-एच, एस-ए-र-र-ए होइन।

उसले भन्यो, "उनी त्यो पालमा छिन्, तपाईको पछाडि पट्टि।"

174 उहाले भन्नुभयो, "म तिमीहरुलाई भेट्नेछु, पच्चीस वर्ष अगाडिको प्रतिज्ञा अनुसार गर्नेछु।"

175 र सारा एक प्रकारले आफैमा हासिन्। उहाले भन्नुभयो, “सारा भर्खर पाल भित्र हासिन्, यो भनेर कि, ‘यी कुराहरु कसरी सम्भव छ र?’” अँ–ह। “के त्यहाँ कुनै कुरा छ जुन परमेश्वरको निम्ति कठिन छ?” बुझ्नुभयो? केहि पनि त्यस्तो छैन। होइन, श्रीमान्।

176 अब उहाले भन्नुभयो, येशूले यो प्रतिज्ञा गर्नुभयो, “उहा, मनिसको पुत्र,” जो वचन हुनुहुन्छ, (के तपाई त्यो विश्वास गर्नुहुन्छ?) “उहा अन्तिम दिनहरुमा आउनुहुनेछ र आफैलाई त्यो समयमा प्रकट गर्नुहुनेछ जुन समयमा संसार सोदोम र गमोरा जस्तो हुनेछ।” तपाई त्यो विश्वास गर्नुहुन्छ?

177 हामीले एउटा प्रार्थना गर्नुभन्दा अगाडि, तपाईहरु केहिले प्रार्थना गर्नुहोस् र हेर्नुहोस् कि मानिसको पुत्र अझै पनि हिजो, आज र सधैंभरि एक समान हुनुहुन्छ वा हुनुहुन्न। केवल सोध्नुहोस् यदि उहाले, भन्नुहोस, “प्रभु, मानिसले मलाई जान्दैन, तर म जान्दछु कि तपाई हिजो, आज, र सधैंभरी एक समान हुनुहुन्छ भनि,” हेर्नुहोस् यदि उहाले तपाईलाई त्यो भन्नुहुन्छ वा भन्नुहुदैन।

हो श्रीमान्, अब तपाईको शिर मात्र केहि पलको लागि उठाउनुहोस्।

178 उ मेरो पछाडि नै छ। यो एउटा बच्चा हो। र उ ज्वोरोले एकदम तात्तेको छ। उ सानी केटि हो। तिमी यो शहरभन्दा बाहिरबाट आएकि हौ। त्यो बालिकाको पेटको समस्या छ। त्यहि नै हो। मात्र विश्वास गर।

179 अब, के त्यहि हो जे उहाले गर्छु भनि भन्नुभएको थियो? मैले त्यो व्यक्ति कैल्यै आफ्नो जीवनमा देखेको छुइन। स्वर्गको परमेश्वरले यो जान्नुहुन्छ।

180 यो मानिस, यहाँनिर, उहा अति नै बलियो र स्वस्थ देखिनुहुन्छ। तर उहामाथि त्यो छाया हेर्नुस् त? त्यसको अर्थ, परमेश्वरले उहालाई मद्धत गर्नुभएन भने, उहा यहाँनिर धेरै रहनेवाला छैन। उहालाई क्यान्सर भएको छ। त्यो तपाईको फोक्सोमा भएको छ।

अब मानिसको पुत्र यहाँ हुनुहुन्छ।

उहाको मनमा एउटा सानो केटाको लागि बोझ छ, एउटा सानो केटा। के त्यो ठिक हो? तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले मलाई भन्नसक्नुहुन्छ कि त्यो बच्चामा के समस्या छ भनि? [भाईले भन्नुहुन्छ, “म जान्दछु कि उहाले सक्नुहुन्छ।”—सम्पा] उहाले सक्नुहुन्छ। उसलाई मिर्गीको समान

एउटा दौरा भएको छ। उसलाई हालसालै पनि एउटा भएको छ। ["यहि बिहानमा भएको थियो"] यो ठिक हो, यहि बिहानमा भएको थियो। र तपाई विश्वास गर्नुहुन्छ कि तपाई त्यो बालकलाई हुर्काउनलाई जिउनुहुनेछ, र बच्चा ठिकठाक हुनेछ? ["गर्छु।"]

181 चार्ली कक्स कहाँ हुनुहुन्छ? चार्ली, तपाई कहाँ हुनुहुन्छ? मैले सोचेको थिए कि आज राति उहा यहि हुनुहुन्छ भनि। यहाँ निर, चार्ली। गेरी, तपाई कहाँ हुनुहुन्छ? लेरी, के उहा यहाँ हुनुहुन्छ? उसको सानो केटालाई पनि त्यहि भएको थियो, ठिक यहि नै भएको थियो। लेरी, तपाई कहाँ हुनुहुन्छ? एक मिनेटको लागि यहाँ आईदिनुहोला। ठिक छ, यहाँ तिमी छौ। यो सानो केटालाई पनि यहि भएको थियो। उसको बुवा र आमा मेरो एकदम मिल्ने साथीहरु हुनुहुन्छ। एकवर्ष अगाडि म त्यहाँ तल गएको थिए, र यो सानो केटाले दौरा लिन्थ्यो, र पुरै अध्यारो र शून्य हुन्थ्यो। त्यो मिर्गी भएको थियो। मैले त्यो सानो केटामा देखे, र परमेश्वरलाई उसलाई चंगाई गर्नको निम्ति भने। र त्यस दिन देखि उसले एकपटक पनि त्यस्तो गरेको छैन। उहा चाहि उसको बुवा हो; उसको आमा यतै कतै बस्नुभएको छ; र यहाँ यो सानो केटा छ आफै छ।

182 अब के तपाई विश्वास गर्नुहुन्छ, श्रीमान्? (धन्यवाद लेरी) तपाई विश्वास गर्नुहुन्छ, श्रीमान्? स्वर्गको परमेश्वरले तपाईलाई पनि त्यहि चंगाई प्रदान गर्नुभएकोहोस्, र तपाई त्यो बालकलाई हुर्काउनको निम्ति जिउनुभएको होस्। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

आउनुहोस् प्रार्थना गरौ।

183 प्रिय परमेश्वर, उहालाई मद्धत गर्नुहोस्। म प्रार्थना गर्छु कि तपाईको दया र अनुग्रह उहा माथि भएको होस् र तपाईको आशिष भएको होस्। येशूको नाउमा।

184 खुसी भएर फर्केर लुइजीयानामा जानुहोस्, परमेश्वरको प्रशंशा गर्नुहोस् उसको लागि।

185 ओ, हो, उहा लुइजियानाबाट हुनुहुन्छ, पक्कै पनि, चार्ल्स तालको वरपरबाट हुनुहुन्छ। ठिक हो। देख्नुभयो, मैले अब तपाईको विचारहरु पढ्न सक्छु। परमेश्वरको महिमा भएको होस्।

186 ठिक छ, तपाई राम्रो कुरा माग्दै हुनुहुन्छ, तपाईले एउटा आफ्नो बच्चा चाहनुभएको छ। तपाईको पहिले नै बच्चाहरु छ, केहि बच्चाहरु छन्, तर

तपाई अझै अर्को बच्चा चाहनुभएको छ। स्वर्गको परमेश्वरले तपाईलाई त्यो प्रदान गरेको होस्, मेरो बहिनी। यहाँ आउनुहोस्, म केवल तपाईमा हात राख्न चाहन्छु।

187 प्रिय परमेश्वर, यस स्त्रीलाई उनको हृदयको चाहना दिनुहोस्, किनकि यो योग्यको माग हो। येशूको नाउमा। आमेन।

अब जानुहोस् र बच्चा पाउनुहोस्।

188 परमेश्वर भलो परमेश्वर हुनुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ? [सभाले भन्छन्, "आमेन।"—सम्पा] उहाले हाम्रो सबै आवश्यकता जान्नुहुन्छ। उहाले हाम्रा सबै आवश्यकता पुर्याउनुहुन्छ यदि हामीले त्यो विश्वास गर्यौं भने। उहाले भन्नुभयो, "यदि हामीले विश्वास गर्न सक्यौ भने!"

189 मैले तपाईसंग कतै हात मिलाएको छु। मलाई याद छैन कहाँनिर थियो, तर कतै मैले तपाईसंग हात मिलेको छु। म केवल ठ्याक्कै सम्झन सक्दिन, तर हामीले कतै हात मिलाएका छौ, आज नै कतै मिलाएका छौ, तर मलाई सम्झना छैन त्यो कहाँ थियो भनेर। तर त्यो यो होइन, जुनको विषयमा हामी कुरा गर्न आएका छौ। तपाई यहाँ त्यो विषयमा भन्ने, वा प्रार्थना गर्न आउनुभयो, तपाई मैले कसैको निम्ति प्रार्थना गरिदिएको चाहनुहुन्छ। त्यो सहि हो। उ यहाँ छैन। उ जोर्जियामा छ, बिमार छ। उ शारिरिक रूपमा मात्रै बिमार छैन तर आत्मिक रुपमा पनि बिमार छ; तपाईको भान्जा हो। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले यो कुरालाई आफ्नो नियन्त्रमा लिनुहुन्छ किनभने तपाई उसको निम्ति यहाँ खडा हुनुभएको छ? तपाई विश्वास गर्नुहुन्छ? यहाँ आउनुहोस् र संगै प्रार्थना गरौ।

190 प्रिय परमेश्वर, यस मानिसलाई उसको हृदयको चाहना प्रदान गर्नुहोस्, ताकि उ जान सकोस् र त्यस व्यक्तिले परमेश्वरको निम्ति पुकार गरेको पाउन सकोस्। येशूको नाउमा। आमेन।

परमेश्वरले तपाईलाई आशिष दिउन्। सङ्का नगर्नुहोस्। आफ्नो पुरा हृदयले विश्वास गर्नुहोस्।

191 तपाई कस्तो हुनुहुन्छ? यो यस्तो होइन कि म तपाईसंग हात मिलाउनलाई त्यहाँ नआएको होइन, जब तपाईले हात निकाल्नुभयो, मैले केहि कुरामा ध्यान दिदै थिए। त्यो छाया थियो, वास्तवमै अँध्यारो र कालो थियो। त्यहि नै कारण हो। मलाई थाहा छ मैले तपाईको हात समाते, मैले त्यो तरिकामा पाए, बुझ्नुभयो। तर त्यो एउटा क्यान्सर हो। तपाई विश्वास

गर्नुहुन्छ कि परमेश्वरले त्यसलाई चलाउन सक्नुहुन्छ भनि? त्यो तपाईको छातीमा छ, देब्रे पट्टि छ। तपाई फर्केर क्यारोलिना जान चाहनुहुन्छ र निको भएकोमा परमेश्वरलाई प्रशंशा दिन चाहनुहुन्छ, होइन र? देख्नुभयो मेरो मतलब? आउनुहोस् प्रार्थना गरौ।

192 प्रिय परमेश्वर, येशू ख्रीष्टको नाउमा, उहा जो अहिले उपस्थित हुनुहुन्छ; यी छोरोछोरीहरु जसले परमेश्वरको रोटि खाई रहेका छन्, यो छोराले पनि तपाईमा विश्वासको आनन्द मनाउन सकोस्, त्यो परमेश्वरको रोटि जुन उहाले अहिले उसलाई उसको चंगाईको निम्ति दिनुहुनेछ। उ जान सकोस् र निको हुनसकोस्, येशूको नाउमा। आमेन।

परमेश्वरले तपाईलाई आशिष दिउन् भाई। तपाईको पुरा हृदयले विश्वास गर्नुहोस्।

अहिले कस्तो हुनुहुन्छ?

193 के यो अद्भूत समय होइन र? यस्तो देखिन्छ कि मानिसहरुमा श्रद्धा भरिएको छ। र मेरो कानमा यो जस्तो सुनिन्छ कि कुनै “ह्यू” जस्तो आवज आएको छ, केवल “ह्यु”, त्यो प्रकारको ध्वनि आएको जस्तो सुन्छु। यो नै बालकहरुको रोटि हो। बुभ्नुभयो? यो तपाईको हो। यो तपाईको लागि हो। यो मेरो लागि हो; यो तपाईको लागि हो। म ठिक अहिलेको समयमा धन्यवादि छु, मलाई थाहा छैन...म ठिक, मैले जाने सम्म; यो मेरो आवश्यकताको निम्ति मेरो लागि पनि रोटि हो। यो तपाईको निम्ति रोटि हो। यो हौसला हो। तपाईहरुको निम्ति जो बिमार पनि हुनुहुन्न, यसले हाम्रा हृदयहरु परमेश्वरको अगाडि ल्याउदछ।

194 यो ठिक समयको रोटि हो, जुन उहाले गर्छु भन्नुभएको थियो त्यो उहाले गर्नुहुन्छ, “जस्तो सोदोमको दिनमा भएको थियो, त्यस्तैनै मानिसको पुत्र आउने दिनमा हुनेछ, र जब मानिसको पुत्रले आफैलाई प्रकट गर्दछ।” बुभ्नुभयो? “र, हेर प्रभुको महा र डरलाग्दा दिन आउन अगाडि म एलिया अगमवक्ता पठाउने छु। उसले छोराहरुको हृदय पिताहरु तर्फ फर्काउने छ।” बुभ्नुभयो? बुभ्नुभयो?

195 “र धर्मीहरु दुष्टको बाटोमा हिड्नेछन्, र राक हुनेछन्।” तिनीहरु र पृथ्वी भट्टी जस्तै जल्नेछन्। बुभ्नुभयो? हामीले देख्न सक्छौ कि यो गिर्दैछ त्यहाँ पारि। र पुरा पृथ्वीमा ज्वालामुखी छरीनेछ, र स्वर्ग आगोमा हुनेछ।

ओ युगौको चट्टान, म माथि र त्यसबेलाको निम्ति दया राख्नुहोस्।

196 तपाई कस्तो हुनुहुन्छ? अँ, एउटा कुरा, तपाईलाई महिलामा हुनेसमस्या छ, स्त्रीमा हुने समस्या। र अरु कुराहरु पनि छ। तपाई आत्तिनुभएको छ, केवल त्यो उमेरमा आत्तिनुभएको छ। सबै कुराको कठिनाईहरु छ। तर तपाईको हृदयमा एउटा चाहना पनि छ, त्यो हो पवित्र आत्माको प्राप्त गर्ने चाहना। त्यो सहि हो। त्यहि नै हो। के तपाई विश्वास गर्नुहुन्छ तपाई...के तपाईले सबै कुराको निम्ति पश्चाताप गर्नुभएको छ? के तपाई विश्वास गर्नुहुन्छ यदि मैले तपाई माथि हात राखे अनि परमेश्वरलाई त्यो गर्नको निम्ति भन्छु भने, पवित्र आत्मा आउनुहुन्छ भने विश्वास गर्नुहुन्छ? [बहिनीले भन्नुहुन्छ, "गर्छु।"—सम्पा] तपाई त्यो विश्वास गर्नुहुन्छ? ["गर्छु, श्रीमान्"] आउनुहोस् प्रार्थना गरौ।

197 प्रिय परमेश्वर, मेरो हात म यस महिलामाथि राख्दछु, यो प्रेरितको तरिकामा छ, र उनले पवित्र आत्माको बप्तिष्मा पाउन सकून भनेर म माग्दछु। येशू ख्रीष्टको नाउमा, उनले प्राप्त गर्न सकेका हुन्। आमेन।

198 यसलाई सङ्का नगर्नुस्। यो तपाईको हो, बुझ्नुभयो। यो तपाईको हो। यो बालकको रोटि हो।

199 एउटा अचम्मको महसूस भएको थियो जब मैले भनेको थिए, "महिलाको समस्या," के तपाईलाई त्यस्तो भएन? किनकि त्यो नै हो जुन तपाईलाई भएको छ। अब के तपाई विश्वास गर्नुहुन्छ कि तपाई अहिले निको हुनुहुन्छ भनि? प्रभुलाई धन्यवाद दिदै जानुहोस्।

200 तपाई कस्तो हुनुहुन्छ? तपाईको पुरा हृदयले विश्वास गर्नुहुन्छ? के तपाई विश्वास गर्नुहुन्छ कि तपाई राम्ररी खान सक्नुहुनेछ जसरी तपाईले धेरै समय पहिले गर्नुहुन्थ्यो? ठिक छ। जानुहोस् र भन्नुहोस्, "धन्यवाद तपाईलाई, प्रभु। म यो विश्वास गर्छु।" प्रभुको उपस्थितिलाई विश्वास गर्छु।

201 तपाई विश्वास गर्नुहुन्छ कि तपाईको ढाँड दुख्ने समस्याले तपाईलाई छोड्ने छ र तपाई निको हुनुहुनेछ? ठिक छ। केवल यो भन्दै जानुहोस्, "तपाईलाई धन्यवाद परमेश्वर," र परमेश्वरले त्यो प्रदान गर्नुहुनेछ।

202 तपाई विश्वास गर्नुहुन्छ कि तपाई निको हुनुहुनेछ, प्रभुले तपाईलाई निको पर्नुहुनेछ, र अब कुनै गठिया हुनेछैन र तपाई निको र स्वस्थ हुनुहुनेछ? तपाई त्यो विश्वास गर्नुहुन्छ? उहालाई धन्यवाद दिदैजानुहोस्, र भन्नुहोस्, "प्रभु, म मेरो सम्पूर्ण हृदयले स्वीकार गर्छु र म यसलाई विश्वास गर्छु"

तपाईहरु जो त्यहाँ हुनुहुन्छ तपाईहरुले यसको बारेमा के विश्वास गर्नुहुन्छ?

203 तपाई ठिक यहाँ, तपाईले आफ्नो हात त्यस महिलामाथि राख्नुहोस् जो ठिक तपाईको छेउ पट्टि बस्नुभएको छ च्यापिएको नशा र गठिया रोगले तपाईलाई छोड्नेछ। जब उनी...?...

204 परमेश्वरले तपाईलाई आशिष दिउन्। के तपाई विश्वास गर्नुहुन्छ कि तपाई अहिले निको हुन जादैहुनुहुन्छ? घर जानुहोस् र निको हुनुहोस्। तपाईलाई परमेश्वरले आशिष दिउन्। परमेश्वरले तपाईलाई आशिष दिउन्। तपाईको बाटो जानुहोस् र भन्नुहोस्, "तपाईलाई धन्यवाद, प्रभु येशू।"

205 तपाई कस्तो हुनुहुन्छ? [बहिनीले भन्नुहुन्छ, "प्रभुको प्रशंशा होस्।"—सम्पा] तपाई विश्वास गर्नुहुन्छ कि महिलाको समस्याले तपाईलाई पनि छोडेर जानेछ भनि? ["म विश्वास गर्छु।"] र तपाई निको हुनुहुनेछ भनि विश्वास गर्नुहुन्छ? ["येशू, तपाईलाई धन्यवाद।"] जानुहोस्, र भन्नुहोस्, "धन्यवाद प्रभु।" ["धन्यवाद येशू।"]

206 तपाई कस्तो हुनुहुन्छ? [बहिनीले भन्नुहुन्छ, "एउटा उपस्थितिले खिच्यो।"] किन, प्रभु [टटेन] मलाई तपाईको नाउ थाहा छ। म—म... [टटेन] जब मैले ब्याप्टिष्ट मण्डलीमा पाष्टरको काम गर्दै थिए। ["टटेन"] टटेन। ["डेल्ला टटेन।"] बहिनी डेल्ला टटेन हुनुहुन्छ। तपाई अहिले ढाँडको समस्याले ग्रसित हुनुहुन्छ। ["हो।"] अब यो सबै ठीक हुनेछ। तपाई विश्वास गर्नुहुन्छ कि उहाले तपाईलाई निको पार्नुहुन्छ भनि? ["हजुर।"] तपाईलाई याद छ त्यहाँ तल मिलटाउन ब्याप्टिष्ट मण्डलीमा के भएको थियो धेरै वर्ष अगाडि? ["हो, मलाई त्यो याद छ।"] उहा अझै पनि उहि परमेश्वर हुनुहुन्छ आज। ["ओ, धन्यवाद परमेश्वर"] तपाईलाई परमेश्वरले आशिष दिऊन्, मेरी बहिनी।

जोर्ज राईट, तपाई कहाँ हुनुहुन्छ? तपाईलाई याद छ? मेरो, कसरी...

तपाई विश्वास गर्नुहुन्छ, यदि मैले केवल मेरो हात यो अभिषेकसंगै तपाई माथि राखे भने, तपाई निको हुनेछ भनि विश्वास गर्नुहुन्छ? यहाँ आउनुहोस्। येशू ख्रीष्टको नाउमा उहाको चंगाई भएकोहोस्। आमेन। विश्वास राख्नुहोस्!

ठिक छ, के तपाई आफ्नो पुरा हृदयले विश्वास गर्नुहुन्छ? [सभाले भन्छन्, "आमेन।"—सम्पा]

207 अब, यस महिलालाई देख्दा कति राम्ररी यसले पुराना समयहरु स्मरण गराउदछ! मैले उहाको नाउ सम्झिनै सकिन, यद्धपि, तर म...[कसैले भन्नुहुन्छ, “टोटेन।”—सम्पा] टोटेन। टोटेन, त्यो ठिक हो। ओ, हो, उहाको छोरी बर्टी हो। त्यो सहि हो। त्यो एकदम ठिक हो। यो नसोच्नुहोस् कि म आफैबाट पर छु, म केवल एक किसिमले सानो हुँ, तपाईलाई थाहा छ, यो एक प्रकारको...मैले यसलाई व्याख्या नै गर्न सक्दिन।

208 तर तपाईको ढाँडको समस्या गैसकेको छ, महिला। जानुहोस्, प्रभुलाई प्रशंशा गर्नुहोस् र भन्नुहोस्, “धन्यवाद, प्रभु।”

209 तपाई विश्वास गर्नुहुन्छ कि तपाईको मुटुको समस्या पनि ठिक हुनेछ भनि? [बिरामीले भन्यो, “हजुर।”—सम्पा] मात्र जानुहोस्, र आनन्द मनाउनुहोस्, र भन्नुहोस्, “धन्यवाद प्रभु येशू।” र यसलाई विश्वास गर्नुहोस्। ठिक छ। अब विश्वास राख्नुहोस्। सङ्का नगर्नुस्।

210 आउनुहोस्, महिला। के तपाई आफ्नो पुरा हृदयले विश्वास गर्नुहुन्छ? तपाई संग धेरै कुरा खराबीहरु छ। तपाईलाई ढाँडको पनि समस्या छ। तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई निको पार्न जादै हुनुहुन्छ भनि? ठिक छ, केवल आनन्द मनाउदै जानुहोस्। त्यो, त्यो उहा हुनुहुन्छ जसले तपाईलाई त्यो महसूस गर्ने बनाउनुहुन्छ। प्रभुलाई धन्यवाद दिनुहोस्। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

211 हाई, छोरा। [केटाले भन्छ, “हाई!”—सम्पा] के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले यस बच्चाको अधीरता निको पार्नुहुन्छ? तपाईले यो विश्वास गर्नुहुन्छ? ठिक छ। हाई, मित्र, तपाईको हात मिलाउन मलाई दिनुहोस्।

212 प्रिय परमेश्वर, त्यो दुष्ट कुरा यो सानो केटाबाट निकाली लानुहोस, र उ जिउन सकेको होस् र सामान्य भएको होस्। येशूको नाउमा। आमेन।

213 परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, भाई। तपाईले त्यो विश्वास गर्नुहुन्छ, होइन र? तपाई ठिक हुनुहुनेछ। कुनै पनि रितिले सङ्का गर्नुहोस्।

214 मुटुको रोगको लागी यो बलियो र जवान बेला हो। तपाईले विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई निको पार्नुहुन्छ भनि? [बिरामीले भन्छ, “हो, श्रीमान्।”—सम्पा] जानुहोस्, र भन्नुहोस्, “धन्यवाद तपाईलाई प्रभु, मलाई निको पार्नुभएकोमा।”

215 तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको पेटको समस्यालाई निको पर्नुहुन्छ? जानुहोस् र आनन्द मनाउनुहोस, र भन्नुहोस्, “धन्यवाद प्रभु।”

216 उहा अझै पनि परमेश्वर हुनुहुन्छ, के उहा हुनुहुन्न र? [सभाले भन्छन्, “आमेन।”—सम्पा] मात्र तपाईले गर्न पर्ने कुरा विश्वास हो। के त्यो सहि होइन? के तपाईले अन्तिम दिनहरुमा मानिसको पुत्रलाई विश्वास गर्नुहुन्छ?

217 त्यहाँ केहि घटित भएको थियो यहाँ केहि मिनेट अगाडि, र मैले सक्दिन...पत्ता लाउन खोज्दै थिए त्यो कहाँ थियो भनेर। कसैमा विश्वास थियो र उसले केहि गरेको थियो। वा, म तिनीहरुलाई आईतबार वा जब मैले सक्छु तब भेट्नेछु। के तपाई—तपाई...फेरी त्यहाँ छ। तपाईको हात उचाल्नुभएको छ। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई निको पार्न सक्नुहुन्छ तपाईको मुटुको समस्याबाट, ठिक पार्न सक्नुहुन्छ, तपाईको छोरीलाई त्यहाँ निको पार्न सक्नुहुन्छ...तपाई यो विश्वास गर्नुहुन्छ? श्रीमती नेफ, तपाईले त्यो विश्वास गर्नुहुन्छ कि परमेश्वरले... लियो नेफ। म तपाईलाई चिन्दिन तर तपाई यहि हुनुहुन्छ। तपाईलाई मुटुको समस्या छ, र तपाईको सानो छोरीलाई मृगौलाको समस्या छ। तपाई विश्वास गर्नुहुन्छ कि उनी निको हुनेछ भनि? तपाईको विश्वासले तपाईलाई निको पार्नेछ। तपाईको पुरा हृदयले विश्वास गर्नुहोस्।

218 तपाई त्यहाँ पछाडि पूलनिर बस्नुभएको छ, त्यहाँ पछाडि पेटको समस्या लिई बस्नुभएको छ, येशू ख्रीष्टले तपाईलाई निको पार्नुभएको छ।

219 तपाई विश्वास गर्नुहुन्छ? [सभाले भन्छन, “आमेन”—सम्पा] उहा हिजो, आज र सधैंभरी एकै समान हुनुहुन्छ। आउनुहोस् हामी एकअर्का माथी हाम्रो हातहरु राखौ अब। ओ, यो घडि र समयको बारेमा सोच्नुहोस् जसमा हामी जिईरहेका छौ। यो सोच्नुहोस् कि हामी ठिक येशू ख्रीष्टको उपस्थितिमा छौ, जो परमेश्वरको पुत्र हुनुहुन्छ। उहाले प्रतिज्ञा गर्नुभएको छ कि उहाले यी कामहरु यो अन्तिम दिनहरुमा गर्नुहुनेछ। मैले मेरो हात यो रुमालहरुमा राखेको छु।

220 प्रिय परमेश्वर, म प्रार्थना गर्छु कि तपाईले यस रुमालहरुलाई मानिसहरुको शरीर चंगाईको निम्ति आशिष दिनुहुनेछ, येशू ख्रीष्टको नाउमा।

221 अब, तपाईको हात एकअर्कामा रहिरहदा, तपाईहरु प्रत्येकले ख्रीष्टको शरीरलाई सम्भनुहोस्। त्यहि पवित्र आत्मा जसले प्रतिज्ञा गर्नुभएको थियो कि उहाले हृदयको गुप्तका कुराहरु प्रकट गर्नुहुनेछ र यी कार्यहरु गर्नुहुनेछ, उहा तपाई भित्र हुनुहुन्छ। तपाई उहाको हिस्सा हुनुहुन्छ, र उहा तपाईको हिस्सा हुनुहुन्छ। अब, उहाले यो भन्नुभएको छ, "यी चिन्हहरु तिनीहरुमा हुनेछ जसले विश्वास गर्दछन्।" त्यो तपाई हुनुहुन्छ। "यदि तिनीहरुले बिरामीहरु माथि हात राखे भने, तिनीहरु निको हुनेछन्।" अब, आफ्नै निम्ति प्रार्थना नगर्नुस्, त्यस व्यक्तिको निम्ति प्रार्थना गर्नुहोस् जस माथि तपाईले आफ्नो हात राख्नुभएको छ, किनभने तिनीहरुले तपाईको निम्ति प्रार्थना गर्नेछन्। अब आउनुहोस् संगै प्रार्थना गरौ, र यहाँ निर यस भवनमा कुनै पनि कमजोर व्यक्ति नभएको होस्। किन अब हामी धेरै कुर्ने, मेरा दाजुभाई र दिदिबहिनीहरु, यहाँ उहा हुनुहुन्छ, पवित्र आत्मा त्यसमा हुनुहुन्छ, ती सबै कुराहरुमा जुनमा हामीले बोलेका छौ।

222 प्रिय येशू, हामीले तपाईको उपस्थितिलाई जानीरहेका छौ। त्यस दिनमा तपाईले नै त्यो सानो बालक मरिसके पछी पनि फेरी जीवनमा फर्काएर ल्याउनुभयो, त्यो विश्वासको प्रार्थनाद्वारा ल्याउनुभयो। प्रिय परमेश्वर, त्यहाँ हामी धेरै जना छौ जो त्यहाँ पुग्न सक्दैनौ, समय बितिरहेको छ, तर तिनीहरुले एकअर्कामा आफ्ना हातहरु राखेका छन्। तिनीहरु विश्वासीहरु हुन्। हामी प्रभु येशू ख्रीष्टको उपस्थितिमा बसिरहेका छौ, जो मृत्युबाट बौरी उठाईनुभयो, जो हिजो, आज र सधैंभरी एकैसमान हुनुहुन्छ।

223 शैतान, तँ पराजित भईसकेको छस्! येशू ख्रीष्टले तँलाई हराई सक्नुभएको छ! उहा मृतहरु मध्य बाट उठेर आज राती हाम्रो माभमा खडा हुनुहुन्छ, यो अन्तिम दिनको संदेशलाई प्रमाणित गर्दै हुनुहुन्छ। यी मानिसहरु बाट निक्लेर आ! तिनीहरुलाई छोडिदे, येशू ख्रीष्टको नाउमा! "मेरो नाउमा तिनीहरुले भूतहरु धपाउनेछन्," र तँ धपाईएको छस्। येशू ख्रीष्टको नाउमा यो सभालाई छोडेर जा।

224 प्रत्येक सबैजना जसले अहिले आफ्नो चंगाईलाई स्वीकार गर्छन्, आफ्नो पाउमा खडा हुनुहोस। प्रत्येक जसले आफ्नो चंगाईलाई स्वीकार गर्छन् आफ्नो पाउमा खडा हुनुहोस्। आफ्नो हात उठाउनुहोस् र उहालाई प्रशंशा गर्नुहोस्!

“अब म मेरो चंगाई स्वीकार गर्छु भन्नुहोस्।” यो परमेश्वरमा भन्नुहोस्। अब म मेरो चंगाई स्वीकार गर्छु। [सभाले भन्छन्, “अब म मेरो चंगाई स्वीकार गर्छु।”—सम्पा] तपाई हिजो, आज र सधैभरी एकैसमान ख्रीष्ट हुनुहुन्छ। [“तपाई हिजो, र आज सधैभरी एकैसमान ख्रीष्ट हुनुहुन्छ।”] अब म तपाईलाई विश्वास गर्छु। [“अब म तपाईलाई विश्वास गर्छु।”] मेरो अविश्वासलाई तपाईले सहायता गरिदिनुहोस्। [“मेरो अविश्वासलाई सहायता गरिदिनुहोस्।”] आमेन।

म उहालाई प्रशंशा गर्छु, म उहालाई प्रशंशा गर्छु,
पापीको निम्ति मारिएको थूमालाई प्रशंशा चढाओ;
सबै जनले उहालाई महिमा चढाओ,
किनकि उहाको रगतले प्रत्येक दाग पखालीदिएको छ।

225 के तपाई उहालाई प्रेम गर्नुहुँदैन र? [सभाले भन्छन्, “आमेन।”—सम्पा] त्यसो हो भने आउनुहोस् उहाको प्रशंशा गरौ। सबैजना, तपाईहरुको हात उचाली, उहालाई प्रशंशा दिनुहोस्, त्यहि बेलामा भाई आएर यो सभालाई विशर्जन गर्नुहुनेछ।

**सहि ऋतुमा आत्मिक भोजन** NEP65-0718E

(Spiritual Food In Due Season)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा आईतबार साँझमा 18 जुलाई, 1965 मा ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डीयाना, संयुक्त राज्य अमेरिकामा प्रचार गरिएको हो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2019 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org